साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक १७ २०८१ मंसिर ११ गते मंगलबार (Nov. 26, 2024) मूल्य रू. १०/-

विश्वमै नयाँ सोच, नयाँ जागरण

डा.हरिणी अमरसूर्या श्रीलंकाकी प्रधानमन्त्री बनेकी छिन् । ५४ वर्षकी अमरसूर्या इडनबर्गबाट विद्यावारिधि गरेकी शिक्षित महिला हुन् । ५ वर्षअघि राजनीतिमा लागेकी अमरसूर्याले यस्तो छलाङ मार्नेछिन् भन्ने कसैले सोचेका थिएनन् । राजनीतिबाट श्रीलंकाको अवस्था सुधार्न सकिन्छ भन्ने आत्मविश्वास बोकेकी अमरसूर्या त्यागी भावनाकी छिन् ।

प्रधानमन्त्री बन्न ज्यानमारा हुनैपर्छ, जेल नेल खानैपर्छ भन्ने भाव हटेको छ, अब एसिया होस् कि पश्चिमा मुलुक, सर्वोत्तर नयाँपन, नयाँ सोच र नयाँ जागरणआएको छ । नेपालमा कहिले आउला ?

प्रम ओलीको चीन भ्रमण सफल होला ?

काठमाडौं । यसअघिका प्रम प्रचण्ड युयोर्कबाट चीन पुगे, चिनियाँ राष्ट्रपति र प्रधानमन्त्रीसँग भेटे, चीनले बीआरआई कार्यान्वयन गर्न भन्यो, केही गर्न सकेनन् । मंसिर १७ गते प्रम ओली चीन जादैछन् । ४ वर्ष अघि नेपाल भ्रमणमा आएका बेलामा राष्ट्रपति सीले घोषणा गरेका रेलवेदेखि थुप्रै योजना सुचारू गर्न आग्रह गर्ने भनिएको छ । ओलीले भ्रापाको औद्योगिक पार्क, पोखरा एयरपोर्टको ऋण मिनाह र बीआरआईका १३ योजनाहरू अनुदान र विश्वबैंकले दिने जस्तो सहुलियत ऋणमा चीनलाई सहमत गराउन सके भने भ्रमण सफल मानिने छ । यही उद्देश्यका लागि हिजो सोमवार राष्ट्रिय सहमति बनाउन र शक्तिशाली भएर चीन जान प्रम ओलीले पूर्व प्रधानमन्त्री र केही विज्ञहरूसँग सुझाव लिएका छन् । ती सुझावका बारेमा प्रम ओलीले के कति र कसरी उपयोग गर्ने हुन्, चीन भ्रमणमा देखिने छ ।

नेपालले चीनको एक्जिम बैंकको ऋण सहयोगमा बनेको पोखरा विमानस्थलको ऋण मिनाहका लागि पत्राचार गरिसकेको छ । पोखरा र भैरहवा एयरपोर्ट सञ्चालन गर्न चीनका पर्यटक र बुद्धमार्गी मुलुकका पर्यटकलाई आकर्षित गरिदिन चीनको कूटनीतिक पहलको पनि नेपालले अपेक्षा गर्नेछ । चीनले पोखराको फेवातालमा ड्रागन फेस्टिवल मनाएर नेपाललाई पर्यटन गन्तव्यका रूपमा प्रचार गरिदिएको हो, चिनियाँका लागि पनि नेपाल पर्यटन गन्तव्यको सूचीमा सामेल गरेको छ । तर नियमित सातथरि उडान गर्ने भनेर गरिरहेको छैन ।

चीनको चासो नेपालमा चीनविरोधी गतिविधि निस्तेज हुनुपर्ने, नेपाल समदूरीमा रहनुपर्ने, अमेरिकी सैनिकसँग भइरहेको संयुक्त सैनिक अभ्यास र मुस्ताङलगायतका क्षेत्रमा अमेरिकी चलखेल रोकिनुपर्ने मुद्दातिर बढी देखिनेछ । नेपालले यो बुझेको छ ।

अर्थात् चीनको चासो आफ्नो सुरक्षातिर बढी छ । एमसीसी कार्यान्वयनका लागि अमेरिकी कूटनीतिक र सैनिक आवत जावत बाक्लिएकोमा पनि चीनको चासो रहनेछ । नेपालका उत्तरी सीमामा रहेका गुम्बाहरूमा कतै २०२८ सालपछि खम्पाहरूले गरेझैं अमेरिकीले सैनिक तालिम र हतियार थुपारेका त छैनन् ? अमेरिका एमसीसीको कार्यान्वयनका लागि सैनिक क्याम्प खडा गर्ने, एसपीपीका लागि प्रयासरत रहेको त होइन ? चीन आफू नबोले पनि आफू निकट सञ्चारमाध्यम र कूटनीतिज्ञका मुखबाट यस्ता अनेक संशययुक्त सवालको जवाफ प्रम ओलीसंग खोज्ने छ ।

एमसीसीलाई पारित भयो । चीन भारतसँग मिलेर अघि बढ भनिरहेको छ । तर नेपालको हिम्मत बढाउन चीन अग्रसर छैन । नेपाल कमजोर छ, नेपाली राजनीतिक स्थिरतातिर पनि चीनको मलजल देखिन्न । माओवादी लीलामणि पोखरेल, देव गुरूङहरू एमसीसीका बारेमा विरोध गरिरहेकै छन् । प्रम प्रचण्डको नेतृत्वमा गठन भएको समाजवादी मोर्चाका मुख्य सदस्य विप्लवले एमसीसीविरूद्ध अभियान चलायरहेकै छन् । माओवादी नेता प्रचण्ड गत भदौ १३ देखि एमसीसी कार्यान्वयनमा गएको र ५ वर्षभित्रै यो परियोजना सम्पन्न हुने प्रतिबद्धता जनाएका थिए, माओवादीका अन्य नेता किन विरोध गरिरहेका छन् ? कतै आफूलाई चीनपक्षतिर देखाएर माओवादीले सरकार ढाल्न खोजेको त होइन ? कतिपयको शंका छ । शंका भए पनि पहिले भारत भ्रमण गर्ने प्रचलन रोकेर *बाँकी २ पेजमा*

पूर्वराजा ज्ञानेन्द्र शाह हजार बुद्धको शरणमा

मंसिर ७ गते लुम्बिनी पुगेर बुद्धको पूजाआजा ध्यान गर्नुभएको छ । बुद्धको जन्मस्थल लुम्बिनीमा निर्मित हजार बुद्ध मन्दिरको उद्घाटन कार्यक्रममा सहभागी हुँदै पूजाआजा गर्नुभएका राजालाई बुद्ध गुरूहरूले विशेष स्वागत, अभिषेक र बुद्ध परम्पराअनुसार सम्मान गरेका थिए । मङ्सिर ४ गतेदेखि एक हजार बुद्ध मूर्तिको प्राण प्रतिष्ठान पूजा चलिरहेको छ ।

बीआरआई सर्वाधिक चर्चामा, नेपालले सिकार्ला ?

प्रम ओली मंसिर १७ गते चीन भ्रमणमा जाने घोषणा भएको छ । कांग्रेस अनुदान भनिरहेको छ, एमाले बीआरआई कार्यान्वयन गर्ने भन्नेमा छन् । यही विषय उठाएर प्रतिपक्षी सरकार कुनै पनि बेला ढल्छ भनिरहेका छन् । प्रम ओलीको चीन भ्रमण र बीआरआईमा सहमतिले भूराजनीतिक जटिलता अझ बढ्ने संशय छ । परराष्ट्रमन्त्री डा.आरजु देउवाले भ्रमणको गृहकार्य अघि बढाएकी छिन् । उनका अनुसार चीन भ्रमणमा जे हुन्छ, त्यो दुबै पार्टीको सहमतिमा हुन्छ भनेकी छिन् । यसैबीच समाचार छ, प्रम ओली र कांग्रेस सभापति बीच साझा धारणा बनाउने प्रयास भइरहेको छ ।

प्रम ओलीको चीन भ्रमण नै हुँदैन, सरकार ढल्छ भन्ने राजनीतिक र कूटनीतिक व्यक्तिहरूको अनुमान नमिल्ने देखिएको छ । चीनले यही भ्रमणमा बीआरआई कार्यान्वयन गराउन १३ आयोजनामा सम्झौता गराउने पक्षमा छ भने प्रम ओलीलाई दमकको औद्योगिक पार्क, रेलवे सेवा र पोखरा एयरपोर्टको ऋणलाई अनुदानमा बदल्ने निर्णय गर्नुपर्ने सुझाव दिइरहेका छन् । प्रम ओलीले कांग्रेसको मतमा मत मिलाउँदै अनदान मागे तर बीआरआई कार्यान्वयन गर्न मञ्जुरी दिने पक्षमा देखिएका छन् । कांग्रेसभित्र भने एकमत देखिदैन । राष्ट्रिय स्वार्थलाई हेरेर बीआरआईमा सम्झौता गर्नुपर्नेमा कांग्रेसभित्र मत बलियो छ । सभापति देउवा भने गठबन्धन भत्किन नदिने र भूराजनीतिको चासोलाई समेत सन्तुलनमा राख्न उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, नेता कृष्णप्रसाद सिटौला, गृहमन्त्री रमेश लेखकसमेतसँग बीआरआईमा सम्झौता गर्नुपर्ने धारणा बनाउन लागिपरेको खबर छ । यसैबीच कांग्रेसभित्र प्रभावशाली र परराष्ट्रमन्त्री आरजु राणाले प्रधानमन्त्रीको चीन भ्रमणले गठबन्धन सरकारलाई फरक नपर्ने बताएकी छिन् । उनले छिमेकी देशहरूबीच सन्तुलन कायम गरेर अघि बढ्ने सरकारको नीति अनुसार चीन भ्रमणको गृहकार्य भइरहेको बताइन् । प्रतिपक्षको शंका निवारण गर्दै उनले भनिन्- बीआरआईअन्तर्गत ऋण लिने कि अनुदान भन्ने प्रश्नमा हामी प्रस्ट छौं, अहिले मुलुक ऋण लिने अवस्थामा छैन । भारतले दिने भनिएको ऋण पनि लिएका छैनौं । यसैबीच गत शुक्रबार एमालेको जागरण सभामा प्रम ओलीले ऋण नलिने प्रष्ट पारिसकेका छन् ।

सत्तारूढको दावी छ- चीनको भ्रमण भव्य रूपमा सफल हुनेछ । चीनबाट फर्केपछि कसरी सफल भयो, थाहा पाउनुहुनेछ भनिरहेको छ । चीनले पठाएको सहमतिका मस्यौदामा थपघट गर्ने र चीनलाई मनाउने प्रयत्न भइसकेको स्रोतले जानकारी दिएको छ । गठबन्धनको साझा मत बनाउने जिम्मेवारी प्रमका सल्लाहकार विष्णु रिमाल, एमालका युवराज खतिवडा र कांग्रेसका गगन थापाले पाएका छन् ।

सन २०१७ मा तत्कालीन प्रम प्रचण्डले बीआरआईमा सही गरेका थिए । त्यसपछिको ८ वर्षमा पनि बीआरआई कार्यान्वयनमा गएको छैन । अहिले बीआरआई कार्यान्वयनमा लाने चीनको चासो छ, चीनतिर ढल्केको नदेखिने गरी सम्झौता गर्न सरकारले सुझाव पाइरहेको छ । बीआरआई लगानी, कनेक्टिभिटी र प्राविधिक सहयोगलाई प्राथमिकतामा राखिएको छ । चीनको लगानी, प्राविधिक सहयोग लिने, कनेक्टिभिटीमा कसैको आपत्ति देखिदैन तर ऋणको सवाल सबैले उठाएका छन् ।

मुस्ताङबाट चीनतिर दृष्टि

१९५० मा सुरू भएको मानार्थ महारथीको आदानप्रदानको क्रममा काठमाडौं आउनु भएका भारतीय सेना प्रमुख उपेन्द्र द्विवेदी राष्ट्रपति, प्रधानमन्त्री, सेनाप्रमुख सबैसँग भेटवार्ता गरिसकेपछि पोखरा पुगेर पेन्सन क्याम्पमा भेला भएका भूतपूर्व गोर्खा सैनिकलाई वीरता पुरस्कार विजेताहरूलाई सम्मान गर्नुभयो, सेनाका पृतनाको निरीक्षण र विभिन्न मन्दिर दर्शन गरेर फर्किएका छन् ।

विशेष गरी भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीले मुस्ताङस्थित मुक्तिनाथ

मन्दिरको दर्शन गरेका छन् । त्यहाँबाट चीनतिर निकैबेर दृश्यावलोकन पनि गरेका थिए । उनको यो चीनतिरको दृष्टि र दृष्टिकोणलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

नेपाल भारतबीच सैन्य कूटनीति निकै सफल छ । सेना सेनाबीचको सम्बन्धकै कारण २०१५ को नाकाबन्दी खोल्न सम्भव भएको थियो । नेपाली नेता र भारतीय नेताबीच जतिसुकै रामो सम्बन्ध भए पनि, रोटी बेटीको सम्बन्ध भने पनि भारतको दबदबाका कारणले दुई देशबीचका ठूला ठूला समस्या समाधान हुनसकेको छैन । यहाँसम्म कि नेपाली भूमिको विषयमा समेत कूटनीतिक तिक्तता बढ्दो छ ।

अग्निपथको कुरै भएन

भारतको अग्निपथ, अग्निवीरमा नेपालले चासो नदिएपछि भारतमा गोर्खा भर्ति अनिश्चित बनेको छ । स्थलसेनाध्यक्ष उपेन्द्र द्विवेदीको नेपाल भ्रमणमा यो विषयमा कुरै उठेन । भारतको आरोप छ, नेपालले सन् १९४७ मा भएको त्रिपक्षीय सन्धिको उल्लंघन गरेकोले गोर्खा भर्ती स्थगित गरेको हो । त्यसबेला नेपाल, भारत र बेलायतबीच भएको सन्धिअनुसार गोर्खा सैनिकले बराबर पारिश्रमिक र पेन्सन सुविधा पाउने भनिए पनि बेलायत र भारतमा गोर्खा सैनिकमाथि अन्याय भइरहेको छ ।

भारतको अग्निपथ योजना अन्तरगत भर्ना हुँदा नेपाली नागरिकले चार वर्षमा अवकाश पाउँछन्, त्यसपछि १२ लाख भारतीय रूपैयाँ पाउने व्यवस्था छ । यसमा नेपालले सहमति दिएन । सहमति कायम गराउन भारतले छलफल पनि गर्न चाहेन । नेपालले निहुरीमुन्टी न भएर भारतको योजनामा सहमति होस् भन्ने भारतको चाहना थियो । नेपाल विज्ञ मानिएका पूर्व जनरल अशोक मेहता नेपालीको भर्ती रोकिँदा सम्बन्धमा असर भइरहेको बताउँछन् । राजनीतिक तहको संवादबाट समाधान खोज्नुपर्छ भन्ने उनको सुझाव छ । दुबै देश मौन छन् ।

३ बुँदा पूरा गर, हामी चुनावमा भाग लिन्छौं

आतंकपूर्ण कार्य सकियो । सरकारले सहमति गरेका सर्त पूरा गरिदिंदा नेकपा विप्लवसमूह संविधानको दायरामा आउँछौं भनिरहेका छन् । सरकारले किन यता ध्यान नदिएको हो ?

गत शनिवार पुनर्गठनको ११औं वार्षिकोत्सवको राजधानी आमसभामा विप्लवले भनेका छन्- भ्रष्टाचारको महारोग कोरोना भाइरस जस्तै फैलिएको छ । विप्लवले वडादेखि केन्द्रसम्म भ्रष्टाचार बढ्दै गएकोमा चिन्ता व्यक्त गरेका छन् । पुराना दलहरू एकदोस्रालाई भ्रष्टाचारीको आरोप लगाउँदै आफू चोखो भएको पुष्टिकरणमात्रै दिन्छन् । हिजो प्रचण्ड सरकार ढल्दैन भन्दा भन्दै उनको नेतृत्वको सरकार ढल्यो, अहिलेको सरकार पनि राति, विहान जुनसुकै बेला ढल्ने उनको दावी छ । जनतामा अन्यायमा परेको र भ्रष्टाचारको ठूलो अतंक छ । माथिबाट बजेट जान्छ तलसम्म सबै

बाँडेर खान्छन् । भ्रष्टाचार गर्छन् ।

विप्लवले भनेका छन्- विप्लवले ०८४ मा हुने आम निर्वाचनमा सबै पार्टीसँग प्रतिस्पर्धा गर्न तयार छौं, सरकारले तीन बुँदे सहमति कार्यान्वयन गरोस्, यसो भयो भने हामी ६७४३ वडामा लड्ने छौं । ७५३ पालिका र १६५ निर्वाचन क्षेत्रमा निर्वाचन लड्ने छौं ।

शान्तिपूर्ण राजनीतिमा आउने, ०८४ को निर्वाचनमा सबै क्षेत्रमा प्रतिस्पर्धा गर्ने घोषणा गर्दै फागुन २० गते हिंसा त्यागेको नेकपा विप्लव समूहले फेरि प्रश्न उठाएको छ, ३ बुंदे सहमतिको पालना सरकारले किन गरेको छैन ? संवादमा आउँदामा पनि प्रतिबन्ध हटाउने, पक्राउ परेका सबै बन्दी रिहाई गर्ने, मुद्दा खारेजी गर्ने कार्य अझै पनि नगर्नु सरकारको षडयन्त्र रहेको विप्लवको दावी छ । सरकारले हत्या हिंसामा लागेको आरोपमा नेकपा विप्लव समूहमाथि २८ फागुन २०७५ मा प्रतिबन्ध लगाएको थियो ।

चीनले नेपालसँग विश्वास खोज्नेछ

काठमाडौं । २०१९ मा चिनियाँ राष्ट्रपति सी जिनपिङले नेपाल भ्रमण गर्दा चीनविरोधीलाई धुलोपिठो पार्ने सन्देश दिएर गएका थिए । त्यसपछि नेपालले चीनसँग विश्वास बढाउनेभन्दा गुमाउने कर्म गर्दै आएको छ । मंसिर १७ मा चीन भ्रमणमा जान लागेका प्रम केपी ओलीले सीसँगको भेटमा कसरी विश्वस्त पार्लान् ?



चीनसँगका पारवहन र यातायात सम्झौतामा कुरा होलान् ? चीनलाई नेपालले सन्तुलनको बाटो छोड्न थालेको, एकातर्फ ढल्किन थालेको र चीनसँगको सम्बन्धलाई कम आँक्न वा महत्व दिन थालेको हो कि भन्ने शंका चीनको छ । यी तमाम शंका मेटाएर प्रम ओलीले नेपाल-चीन सम्बन्ध पुनर्ताजगी गराउन सक्लान् ?

प्रम ओलीले २०१७ मा नेपालले सही गरेको बीआरआईमा छानिएका १३ आयोजनाको कार्यान्वयन, विद्युत व्यापार, सम्बन्ध विकासको जग हाल्न सक्लान् ?

प्रम ओलीको .....

प्रम ओली चीन भ्रमणमा जानुलाई धेरैले असन्तुलित र आत्मघात पनि भनेका छन् । यद्यपि ओलीले परराष्ट्रमन्त्री मार्फत भारतका प्रमलाई नेपाल भ्रमणको निम्तो पठाएकै हो तर भारतीय प्रम मोदीले ओलीलाई भारत भ्रमणको निम्तो नपठाएपछि ओलीले चीन भ्रमणको निर्णय लिएको हो । यो स्वभाविक थियो ।

चीनको चासो बीआरआईको कार्यान्वयनमै बढी छ । १४ मे २०१३ मा वन बेल्ट वान रोड रणनीति, सिल्क रोड आदि विभिन्न नामले चिनिने र २९ राष्ट्र प्रमुख, १२९ भन्दा बढी देशहरू र ७० भन्दा बढी अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरू सामेल भएको बीआरआईमा नेपाल सहभागी भएको तर कार्यान्वयनमा लैजान नसकेको मुलुक क्षिमेकी मुलुक हो । यसबारे चीनले दबाव बढाउने र कार्यान्वयन गराउन खोज्ने निश्चित छ । सहमति पछि नेपालले दर्जनौं आयोजना बीआरआई अन्तर्गत सञ्चालन गर्ने तय पनि गरेको हो तर बीआरआईबाट अलग बस्न आएको भारो-पश्चिमा दबाबलाई यसअघिको सरकारले झेल्न नसक्दा बीआरआई असरल्ल अवस्थामा छ । प्रम ओलीको यो चीन भ्रमणका अवसरमा नेपालको भारत र चीनवीचको समदूरीको सम्बन्ध, भारत र चीनको सुरक्षा चासो, नेपालमा बढ्दो विश्वशक्ति अमेरिका र चीनवीचको शीतयुद्धको छायाँ, रूस युक्रेनको युद्धलगायतका अनेक विषयको उठान हुनेछन् ।

नेपालको कथनी र करनीमा चीन विश्वस्त छैन । चीनले नेपालसँग विश्वास खोज्नेछ । नेपालको कूटनीतिक क्षमता देखिएमा एमसीसी र बीआरआईमात्र होइन, भारतको आर्थिक शक्तिबाट समेत लाभ लिन सकिन्छ । यद्यपि नेपाली नेताहरू व्यक्तिस्वार्थका लागि राष्ट्रिय स्वार्थलाई तिलाञ्जली दिने र लम्पसार नै पर्ने चरित्रका कारण विश्वमै नेपालको साख गिर्दै गएको छ ।

बढ्दो भारतीय चासो र प्रम ओलीको चीन भ्रमण

डा. केशव देवकोटा

प्रम केपी ओलीले १७ गतेदेखि छिमेकी चीनको भ्रमण गर्ने र त्यसक्रममा बीआरआई लगायतका परियोजनामा हस्ताक्षर हुने कुरा बाहिर आएपछि नेपालमा देखिने गरी विभिन्न भारतीय अधिकारी र भारतीय जनता पार्टीका नेताहरू नेपाल आएर राष्ट्रपति रामचन्द्र पौडेलदेखि प्रधानमन्त्रि र सुरक्षा अधिकारीहरू समेतलाई भेटेको देखिएको छ । सबैको निचोड नेपाल र भारतका बीचको सीमामा समस्या रहेको र त्यसलाई समाधान गर्न/गराउन कानुन नयाँ ढंगले अगाडि बढ्नुपर्ने आवश्यकता रहेको भनेको सुनियो । घटनाक्रमहरूले ति सबै समस्या नेपाल र भारतकाबीचमा भएको सन् १९५० को सन्धीलाई असमानभन्दै विरोध गरेका थिए । हालसम्म पनि पुष्पकमल दाहालले नेतृत्व गरेको माओवादी केन्द्र बाहेकका अन्य पूर्व माओवादी समूहहरूले उक्त अडान कायमै राखेका छन् । तर माओवादी केन्द्रका अध्यक्ष दाहालले छिमेकी भारतसँग विशेष सम्बन्ध रहेकाले भारतको जानकारी बिना नेपालका प्रधानमन्त्रिले चीनलगायतका कुनैपनि मुलुकको भ्रमणगर्न नहुने र नेपालका प्रधानमन्त्रिले पहिलो विदेश भ्रमण भारतबाटै गर्नुपर्ने धारणा अगाडि सारेको देखियो । त्यो भनेको सन् १९५० को सन्धीअनुसार नेपाल र भारतकाबीचमा व्यवहार हुनुपर्छ भन्ने हो । गतसाता राष्ट्रपति रामचन्द्र पौडेलले भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीलाई नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यांनी चिन्ह तथा खड्ग प्रदान गर्नुभयो । नेपाली सेनाका परमाधिपतिसमेत रहनुभएका राष्ट्रपति पौडेलले विशेष समारोहबीच उहाँलाई दर्ज्यांनी चिन्ह प्रदान गर्नभएपछि नेपाल र भारतकाबीचमा सैनिक सहकार्यका संभावनाका विषयमा छलफलसमेत भएको थियो । त्यो भनेको नेपालको सुरक्षा भारतमा निर्भर रहेको छ भन्ने हो । तर यथार्थतो भने त्यसको ठीक विपरित रहेको छ । किनकी हाल नेपालमा जसरी असुरक्षा बढीरहेको छ, त्यो भारतका कारणले हो । सन् १९५० देखिने दुवै देशले एकअर्काका प्रधान सेनापतिलाई मानार्थ महारथीको दर्जा प्रदानगर्ने परम्परा थालनी भएको हो । यसअघि भारतका तत्कालीन राष्ट्रपति रामनाथ कोविदले तत्कालीन सेनापति प्रभुराम शर्मालाई ०७८ मा भारतीय स्थलसेनाको मानार्थ महारथीको दर्ज्यांनी प्रदान गर्नुभएको थियो ।

त्यसैगरी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले ०७९ मा भारतीय स्थल सेनाध्यक्ष मनोज पाण्डेलाई नेपाली सेनाको मानार्थ महारथी पद प्रदान गर्नँभएको थियो । ००७ (सन् १९५०) सालमा भारतका सेनाध्यक्ष जनरल केएम परिअप्पालाई पहिलो पटक नेपाली सेनाको मानार्थ महारथी प्रदान गरिएको थियोभने त्यसको १९ बर्षपछि ०२६ सालमा मात्र तत्कालीन प्रधानसेनापति सुरेन्द्रबहादुर शाहलाई पहिलो पटक भारतीय सेनाको मानार्थ महारथी पद प्रदान गरिएको थियो । भारतका स्थल सेनाध्यक्षको हालैको भ्रमणका क्रममा के पनि देखियोभने नेपाली सेनाका प्रधान सेनापति अशोकराज सिग्देल र द्विवेदीबीच दुई देशका सैनिकको पारस्परिक साझेदारीमा केन्द्रित रहेर वार्तामात्र भएन सैनिक मुख्यालय जंगी अड्डामा वार्ताकाक्रममा नेपाली सेनाको कार्य जिम्मेवारी र सम्पादनगर्दै आएका कार्यकाबारेमा समेत जानकारी दिइएको थियो । जसले नेपालको सुरक्षा गोप्यता भंग हुन पुगेको छ । त्यसैगरी भारतीय स्थल सेनाध्यक्ष द्विवेदीले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी ओली र रक्षामन्त्री मनवीर राईलगायतसँग गर्नुभएको भेटवार्तामा पनि नेपालको सुरक्षा अवस्थाकाबारेमा भारतीय पक्षले निकै चासो राखेको देखिएको थियो । द्विवेदीले पोखरामा आयोजित भूतपूर्व सैनिकहरूको ज्यालीमा सहभागिता जनाउनुकासाथै पूर्व भारतीय सेनाका दिग्गजहरूसँग अन्तर्क्रियासमेत गर्नुभएको थियो । नेपालमा भूपु भारतीय सैनिकहरूको संख्या एक लाखभन्दा बढी छ । त्यसैगरी गतसाता नै भारतीय जनता पार्टीका नेता तथा पूर्व विदेश विभाग प्रमुख डा. विजय जोलीले काठमाडौं आएर विभिन्न पक्षसँग अन्तर्क्रिया गर्नुभएको थियो । उहाँको जोड नेपालले चीनसँग ऋणमा बीआरआई परियोजना स्वीकारगर्नु हुँदैन भन्नेमा केन्द्रित थियो । उहाँले काठमाडौंमा आयोजित एक अन्तर्क्रियामा बोल्दै कांग्रेस-एमालेको सत्ता गठबन्धनलाई आफूहरूले स्वागत गरेको बताउनु भएको थियो । उहाँले यो गठबन्धननै नेपालका लागि समयको माग भएको बताएका थिए । उहाँले आजको सन्दर्भमा नेपालको भलाईको लागि, नेपालको विकासको लागि र नेपालको बढोत्तरीको लागि वर्तमान कांग्रेस र एमालेको गठन्धन चलिरहेको छ, यो वैश्विक शान्ति, आर्थिक समृद्धि र यहाँका युवाहरूको सशक्तिकरणको लागि अहिलेको समयमा बेष्ट कम्बिनेशन हो । हामी त्यसको समर्थन गर्छौं पनि भन्नुभएको थियो । जसले नेपालको परराष्ट्र मामिलामा भारतले चासो राखेको स्पष्ट छ । नभन्दै नेपालको हालको सरकारले चीनसँग ऋणमा आधारित बीआरआई स्वीकार नगर्ने रणनीति बनाएको बुझिएको छ । माओवादी केन्द्रका अध्यक्ष दाहालले नभारतको जानकारी बेगर अन्य देशको भ्रमण गर्नु नहुने भन्नु र भाजपाका नेताले नेपालमा आएर आफ्नो धारणा व्यक्तगर्नु आफैमा बुझ्न सकिने विषय भएको छ ।

उता चीनले पनि नेपालको आन्तरिक राजनीतिमा चासो बढाउँदै राखेको देखिन्छ । गतसाता चीन भ्रमणमा रहनु भएकी राष्ट्रिय सभाकी उपाध्यक्ष विमला धिमिरे र जनवादी गणतन्त्र चीनको चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलनका उपाध्यक्ष वातरबीच भएको भेटवार्तामा नेपालमा राजनीतिक स्थिरता कायम हुनुपर्ने विषयमा चिनियाँ नेताहरूबाट आफ्नो धारणा व्यक्त भएको थियो । चिनियाँ नेताहरूले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राजनीतिक स्वतन्त्रताप्रति चासो राख्नु बुझ्न सकिने विषय थियो । भारतीय स्थल सेनाध्यक्ष द्विवेदीको नेपाल भ्रमणअघि नेपाल र भारतकाबीचमा रहेको सीमापार अपराधका विषयमा तीनदिनसम्म छलफल भएको थियो । काठमाडौंमा भएको दुई देशका सुरक्षा अधिकारीहरूको बैठकले सीमा अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने विषयमा गाँभिर छलफल गरेको थियो । कुनैपनि दस्तावेज र नेपाल-भारतबीचको सन्धि सम्झौतामासमेत दुई देशबीच खुला सीमा रहने उल्लेख नभए पनि सदिऔंदेखि करिब १८८० किलोमिटर खुला सीमाना रहेको छ । जसले दुवै देशका लागि विभिन्न किसिमका समस्याहरूको सिर्जना गर्नेगरेको छ । यस्तो खुला रूपमा आवत-जावत हुने अन्तर्राष्ट्रिय सीमाना विश्वमा प्रचलनमा छैन । नेपालको अर्को छिमेकी चीनले दशकौं पहिलेनै सीमाको व्यवस्थापन गरेका कारण खासै समस्या देखिन्न । नेपाल र भारतको सीमा खुला सीमा प्रणालीअनुसार चल्नुका पछाडि विभिन्न राजनीतिक कारणहरू छन् । गत साता सम्पन्न सुरक्षा बैठकमा नेपालको सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र भारतको सीमा सुरक्षा बल (एसएसबी)का महानिर्देशक अमृतमोहन प्रसादले नेतृत्व गरेको प्रतिनिधि मण्डलका बीचमा ११ वटा एजेण्डामा छलफलपछि संयुक्त हस्ताक्षरसमेत भएको थियो । उक्त संयुक्त प्रतिबद्धतापत्रमा सीमापार अपराध नियन्त्रण तथा सीमा सुरक्षाका विषयमा सहकार्यगर्ने लगायतका विषयहरू समावेश छन् । नेपालमा भारतीय हस्तक्षेपका श्रृङ्खलाहरू धेरै छन् । जसमध्ये केही रद्धरण योग्य छन् । सन् १९८८ जुलाईमा चीनवाट ६५ ट्रक सैन्य सामग्री खरीद गरेपछि नेपालमाथि सन् १९८९ को मे २६ मा भारतले नाकाबन्दी लगाएको थियो । नेपालले १९५० को सन्धि विपरीत सैन्य सामग्री खरीद गरेको भारतीय पक्षको भनाई थियो । सो सन्धिको दफा पाँच र 'लेटर अफ एक्सचेन्ज'को दोश्रो बुँदालाई औल्याएर भारतले आफ्नो देशबाटमात्रै हातहतियार खरीद गर्नुपर्ने वा अन्य मुलुकबाट खरीद गर्दा भारतलाई पूर्वजानकारी दिनुपर्ने कुरा उठाएको थियो । 'नेपाल सरकारले आफ्नो सुरक्षाका लागि आवश्यक पर्ने कुनैपनि हातहतियार, गोलाबारूद वा युद्ध सामग्री र उपकरणहरू भारत सरकारको सहायता र सहमतिअनुसार भारतीय भूभाग भएर आयातगर्न सक्नेछ' भनिएको छ । सो बुँदालाई भारतले नेपाल आफ्नो सुरक्षा छाताभित्र बस्नुपर्ने भनेर अर्थ्याएको देखिन्छ ।

नेपालले सन् १९५५ को वागडुड सम्मेलन (इन्डोनेसिया) बाट पञ्चशीलको सिद्धान्त स्वीकार गरेको छ । जसले सन् १९५० को नेपाल भारतको सन्धिका प्रावधानहरूलाई अमान्य घोषित गरिसकेको अवस्था हो । उक्त सन्धी पञ्चशीलको सिद्धान्तमा आधारित नभएकाले त्यसलाई नेपाल मान्न बाध्य हुँदैन । सन् १९५० को सन्धिको दफा दुईमा 'दुवै सरकार परस्परमा कायम रहेको मित्रतापूर्ण सम्बन्धमा खलल पर्नजाने सम्भावना रहनेगरी कुनै छिमेकीसँग गम्भीर खटपट वा विवाद उत्पन्न भएमा एक-अर्कालाई जानकारी दिन प्रतिबद्ध छन्' भनिएको कुरालाई भारतले हालसम्म पनि उठाउँदै आएको देखिन्छ । त्यसैगरी उक्त सन्धीको दफा ७ मा उल्लेख भएको 'नेपाल र भारत दुवै देशका सरकारहरू समान आधारमा एक-अर्को देशका नागरिकहरूलाई आ-आफ्नो भू-भागमा बसोबास तथा सम्पत्तिको भोगचलनगर्ने, उद्योग र व्यापारिक कारोबारमा भागलिने, डुलफिरगर्ने र यस्तै प्रकारका अन्य विशेषाधिकारहरू प्रदानगर्न स्वीकृत प्रदान गर्दछन्' भन्ने कुरालाई पनि उठाउँदै आएको छ । यसरी नेपालका प्रधानमन्त्रि ओलीले छिमेकी चीनको भ्रमणगर्न लारदा अर्को छिमेकी भारतीय पक्षले जसरी सुरक्षा र परराष्ट्र मामिलामा चासो व्यक्त गऱ्यो, त्यो हालको अवस्थामा गंभिर छ । नेपालले असंलग्न नीति र अशल छिमेकी नीति अवलम्बन गर्नुपर्नेमा ०६३ पछि सत्तामा आएकाहरूले विपरितका गतिविधि गरिरहेका छन् । जुन आलोच्य कुरा हो । देशको अस्थित्व र सार्वभौमिकतामाथि चुनौती दिन खोज्नेहरूलाई सबैले समयमा नै चिन्नु पर्दछ ।

गोवाको नियति नेपालमा दोहोरियला ?

दीर्घराज प्रसाई-

एउटा तीतो ऐतिहासिक घटना- सन् १५६० पछि गोवामा अमानवीय क्रुर बीभत्स कार्य गरियो । त्यसवेला क्रिस्चियन विरोधीलाई जिउँदै जलाइन्थ्यो र हिन्दूहरूको सम्पत्ति चर्चको सम्पत्ति बनाइन्थ्यो । हिन्दू महिलाहरूलाई बलत्कारपछि जिउँदै आगोमा जलाइन्थ्यो ।

गोवामा कुनै पनि गैरक्याथोलिक अर्थात् हिन्दूलाई आफ्नो सम्पत्तिमाथि अधिकार थिएन । कुनै हिन्दूले घरमा शालिग्राम र तुलसी राखेमा मृत्युदण्ड दिइन्थ्यो । आफ्ना परम्पराअनुसार कुनै कर्म गरिँदा उनीहरू मारिन्थे । हिन्दू रीतिरिवाज मान्दा मृत्यदण्डको सिकार बन्नुपर्थ्यो । यसरी आफ्नो धर्म लादन भारत वर्षमा हजारौं हिन्दू पुरूष र महिलाहरूलाई क्रसमा बाँधेर जलाइयो । यो क्रम सन् १८१२ सम्म गोवामा चलिरह्यो । हिन्दूहरूलाई मृत्युदण्ड दिंदा दुवै हात पछाडि बाँधेर खुट्टालाई जमिन नछुने गरी झुन्ड्याइन्थ्यो र झड्का दिएर मारिन्थ्यो । अहिले नेपालमा त्यस्तै गर्न खोजिएको छ । अमेरिकी सरकारले माओवादीलाई आतंककारीको सूचीमा राखेको छ भने उता उसैको गुप्तचर संस्था सिआइए माओवादीको पूरा समर्थनमा छ भन्ने बुझिन्छ । यता माओवादीका नेता प्रचण्ड प्रोटेस्टेन र बाबुराम भट्टराई क्याथोलिक इसाई धर्मका अनुयायी हुन् भनिन्छ । अमेरिकी संसद्ले मिनरीहरूलाई विश्वमा कही पनि धर्मान्तरण गर्ने ठेक्का अमेरिकी कानुनले दिएको छ । संविधानमा उल्लेख नभए तापनि न्यायाधीशहरूले अमेरिकालाई इसाई देश मानेका छन् । अमेरिकी राष्ट्रपतिले संविधानको शपथ नलिएर बाइबल समातेर शपथ लिन्छन् । क्रिस्चियन मात्र अमेरिकाको राष्ट्रपति हुन पाउँछन् । अमेरिकाले आफूलाई जति नै प्रजातन्त्रवादी हुँ भनेर मानवअधिकारको बखान गरे पनि ऊ एक अप्रजातान्त्रिक र असहिष्णु राष्ट्र हो । यिनीहरू मानवअधिकार र प्रजातन्त्रको कुरा गर्छन् तर काम अन्य राष्ट्र र धर्मविरूद्ध खनिन्छन् । नेपालमा पार्टीबाहिर र पार्टीभित्रका आदिवासी जनजातिका अगुवाहरूलाई फुटाएर प्रशस्त रकम दिएर दिग्भ्रमित गराउन थालिएको छ । क्याथोलिक र प्रोस्टेटियन क्रिस्चियनले जनजातिको समर्थन गरेजस्तो गरेर पैसा बाँड्दै इसाई मिसनरीले जनजातिको धर्म र संस्कृति नष्ट गराउन उत्प्रेरित गर्छन् । भारतमा धर्म परिवर्तन गराउन तल्लो जाति हरिजनलाई उचाल्ने काम भयो भने नेपालमा नेतृत्व तहमा रहेका बाहुन नेताहरूलाई मात्र विश्वासमा लिएर क्रिस्चियनीकरण गर्न खोजिदै छ । ठूलो पार्टी वा साना पार्टीभित्रका बाहुनहरू, नागरिक समाज र मानवअधिकारवादी गैरसरकारी संस्थाका अगुवाहरू अधिकांश बाहुनहरू नै छन् । बाहुन नेताहरूले जुनसुकै धर्म माने पनि आवश्यकभन्दा बढी पैसा दिएमा उनीहरू चुप्प लाग्छन् र गाउँ-गाउँमा धर्म परिवर्तन गराउन सजिलो हुन्छ भन्ने उनीहरूको अध्ययन छ ।

यस स्थितिमा नेपालमा धर्मपरिवर्तन गर्ने इसाईलाई यो भूमिमा चलखेल गर्न नदिन हामी आफै सचेत हुनुपर्छ । ०६३ सालपछि विनासहमति बनेका चर्चहरू सबै विनासर्त हटाइनुपर्छ र कुनै नेपालीले आफ्ना घरमा प्रशस्त भाडा दिइरहेका भए पनि इसाई कार्यालय राख्न दिन हुन्न । त्यसको साथै हिन्दू तथा बौद्धवाट इसाई बनेकालाई आफ्नै धर्मकर्म र रीतिरिवाजमा फर्कन आह्वान गरेर उनीहरूबाटै इसाईहरूको सैतनी व्यवहारलाई बहिष्कार गर्न लगाउनुपर्छ ।



मुक्तक लेख्ने प्रयासहरू : मैले बाँच्ने जिन्दगीको बजार भेटिन

मैले बाँच्ने जिन्दगीको बजार भेटिन
उनको पाइला उतैथियो बाटो छेकिन
के लाग्छ र संसारको रीतै यस्तो छ ?
गन्तव्य त उतै बनोस् नजर देखिन ।

- डा.उत्तम खनाल

पीरको ओखतीमुलो के रैछ त दुनियाँमा
सफलता नाप्ने तुलो के रैछ त दुनियाँमा
करोडपति समेत आत्महत्या गरि मर्छन्
सन्तुष्टिभन्दा ठूलो के रैछ त दुनियाँमा ।

- अर्जुन अधिकारी

दिलबाट तिमी किन हराएँ जस्तो लाग्छ
तिमी कसैसँग आज डराएँ जस्तो लाग्छ
तिम्रा सबै इच्छाहरू मैले पूरा गरैकै थियो
मलाई छोडी अर्कै मन पराएँ जस्तो लाग्छ ।

- प्रेम सुनार

लाख करोड भन्दा पनि, ठूलो हजार ठान्छु
त्यो सेलरोटी भन्दा पनि, मिठो कसार ठान्छु
गज्जबकै छ मेरो आदत, अरूभन्दा फरक -
सगरमाथा भन्दा अग्लो, नाम्चे बजार ठान्छु ।

- मुकुन्द पौडेल

प्यास नलागी पिउनुको के मज्जा
कपडा नफाटी सिउनुको के मज्जा
दुई दिनको हो रे हाम्रो जिन्दगानी
ठोकर नलागी जिउनुको के मज्जा ।

- अनुराधा शर्मा

प्रेमका चोट यति चोटिला हुन्छन्
सम्झियो कि आँखा आफै गिला हुन्छन्
जति भुल्न खोज्यो उति याद आउँछ
शायद यादहरू एकदमै बोझिला हुन्छन् ।

- लीला दाहाल

डोरीको पयो एकैठाउँमा बाट्ने मन छ
बिना सर्त दुइ वटा मुटु साट्ने मन छ
छिमेकीले जे सुकै भन्ने हो भनी राखुन्
तिम्रै छत्रछायामा सयौंजुनी काट्ने मन छ ।

- शंकर ज्ञवाली

प्रेमरूपी बिमान चढी, भेट्न आउन मन छ
युगौं-युग अमर हुने, माया लाउन मन छ
राखेर नै किन नहोस, बरू धितो जिन्दगीको
कसर कुनै नछोडेर,तिमीलाई पाउन मन छ ।

- प्रभा पोखेल

पर्वाह हुदैन केही कुराको निर्धक्क छु आजभोली
कुनैकुनै दृश्य देख्दा साह्रै बेचैन हुन्छु आजभोली
ए हजुर जन्म र मृत्यु एक्लो नै हो, सबले जान्नुपर्ने
अरू त सबै मिथ्या रहेछ दुखेसो छैन आजभोली ।

- कृष्णबहादुर थापा

रूखो व्यवहार टर्रो लाग्छ बडो चर्को लाग्छ
तितो बोली तुच्छ लाग्छ साहैं झर्को लाग्छ
आपसमा भावना र विचार मिल्न सकेन भने
जिन्दगी न घाटको लाग्छ न घरको लाग्छ ।

- लक्ष्मी मुडवरी पण्डित

खानेमुख ठूलो तिनैले बाउने भए
भ्रष्टाचार गर्न तिनैले पाउने भए
कसलाई जिताउने केको मरिहत्ते
देश नाङ्गेझार तिनैले बनाउने भए ।

- इन्द्रकुमार श्रेष्ठ

खुवै मन भर्ने अँगालो तपाईको छ
मैले बोली दिए पालो तपाईको छ
गति छाड़ा रे तपाई चुप लान्नोस्
आखिर मन चै, कालो तपाईको छ ।

- आनन्द क्षेत्री, सिक्किम

मीनाको मुक्तकसङ्ग्रह 'मनोकाङ्क्षा'

नेपाली साहित्यमा मुक्तकको आकर्षण बढ्दो छ । लेख्ने, पढ्ने, सुन्ने प्रवृत्ति बढेको छ । यही मेलोमा छोटो, मिठो र चोटिलो मुक्तकसङ्ग्रह प्रकाशित भएको छ । मुक्तककार मीना चौलागाईको मुक्तकसङ्ग्रह मनोकाङ्क्षा मंसिर ८ गते प्रज्ञा प्रतिष्ठानमा लोकार्पण भएको छ । उहाँको यो दोस्रो कृति हो । यसअघि मुक्तक मिनार प्रकाशित भइसकेको छ ।

लोकार्पण कार्यक्रम नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोनेको अध्यक्षतामा महासचिव यादव भट्टराईको उद्घोषण र प्रतिष्ठानका केन्द्रीय सदस्य दिव्य गिरीको स्वागत मन्तव्यबाट सुरू भएको थियो । कार्यक्रममा उल्लेख्य उपस्थिति रहेको थियो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले 'मनोकाङ्क्षा' लोकार्पण गर्नु भएको हो ।

प्रमुख अतिथि कुलपति राईले आफ्नो उदघाटन मन्तव्यमा मुक्तकले घटनाप्रधान र विषयवस्तुको प्रभावजन्य झट्का उत्पन्न गर्न सक्नुपर्ने बताउनु भयो । उहाँले मुक्तक दर्शनढुङ्गा र चकमक ठोस्दा निस्किने झिल्को जस्तै बन्न सक्नुपर्नेमा जोड दिनुभयो । राईले टिप्पणी गर्दै

भन्नु भयो, 'मुक्तककार मीना चौलागाईका मुक्तक भावोत्पादक र सामयिक मूल्यबोध गर्न सक्षम रहेका छन् ।' राईको प्रशंसाले लेखिका खुशीले गदगद देखिनु भएको थियो ।

प्राज्ञ डा. कौशिला रिसालले विमोचित कीर्तिको समीक्षा गर्नुभयो । उहाँले मुक्तक सङ्ग्रहमा प्रेम तथा श्रृङ्गारिक मनोभावनाले ओतप्रोत रहेको भन्दै कृतिकारले मुक्तकमा सुखदुःखका भोगाई, मातृप्रेम, मानवीय संवेदना, यथार्थ अनुभूति, र आरोहअवरोह मुक्तक मार्फत चित्रण गर्न सफल भएकोमा खुशी व्यक्त गर्नुभयो । मुक्तकहरू चित्ताकर्षक रहेका छन् ।

कृतिकार चौलागाईले आफू पहिलेदेखि नै मुक्तक विधामा प्रतिबद्ध भएर लागेको स्मरण गर्नु हुँदै यो दोस्रो कृतिबाट थप जिम्मेवारी महसुस भएको जानकारी दिनुभएको थियो । सर्जक चौलागाईले आफ्नो मुक्तक लेखनशैली र रचनागर्भका बारेमा जानकारी दिदै आफ्ना मुक्तकहरूमा भोगाई, मातृप्रेम, मानवीय संवेदना, अनुभूति, र आरोहअवरोह रहेको बताउनु भएको थियो । कार्यक्रममा लोकार्पित मुक्तकसङ्ग्रहबाट पार्वती भट्ट, कामु चौलागाई, प्रकाश बस्नेत गफाडी र निलाञ्जला भारद्वाजले तीन/तीनवटा मुक्तक वाचन गरेर सुनाउनु भएको थियो ।

समारोहमा वरिष्ठ मुक्तककार ज्ञानुवाकर पौडेल, नियात्राकार प्रतीक ढकाल, कवि-कलाकार रमेश पौडेल, मुक्तककार सुनिल अधिकारी, कोमल दुङ्गेल, आयुश्री चौलागाईले कृति र कृतिकारको प्रशंसा गर्दै शुभकामना मन्तव्य दिनु भएको थियो ।

"भाषा, साहित्य, कला र संस्कृतिको उत्थान, हाम्रो पहिचान"



साहित्यकार
सुरेशकुमार पाण्डे को
जेईको सम्झना
विमोचन समारोह
आयोजक
राप्ती साहित्य परिषद्
जिल्ला शाखा, दाङ
मिति : २०८१ मंसिर १५ गते
समय : दिउँसो १:०० बजे
स्थान : होटल माला इन, घोराही दाङ

हजार सपना

नेपाली उपन्यासको कुमार काफ्ले देखापरेका छन् । उनको ***हजार सपना*** नामको औपन्यासिक कृति २०७२ सालमा प्रकाशित भएको छ । उपन्यास लेखन समकालीन नेपाली साहित्यको लोकप्रिय विधा बनेको छ । धेरैले पढ्न रूचाउँछन् उपन्यास । धेरैले पढ्न रूचाउने विधा भएकाले केही वर्ष यता थुप्रै औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । साहित्यको बजार नै उपन्यासले तताएको छ भन्दा पनि अत्युक्ति नहोला । धेरै लेखकहरूले उपन्यास लेख्न रूचाएका छन् । जुन प्रशंसनीय छ ।

यस उपन्यासमा प्रयोग भएको शैली नौलो र रोचक छ । भाषामा मीठासपत्र छरपष्ट छ । आफ्नै गाउँघर शीर्षकभित्र काठमाडौं फर्कने दिन नजिकिदै थियो, गाउँमै खुलेको पुस्तकालयमा जानुपर्‍यो भनी रमेश घरबाट निस्कियो, बाटैमा गोपाल भेटियो, अनोज र बलबीरलाई फोन गरेर बोलाएर उनीहरू अगाडि बढे भनेर लेखिएको छ ।

यो उपन्यासमा नेपाली समाजमा चल्ने उखान टुक्काको पनि राम्रो सदुपयोग गरिएका छन् । विदेसिएका सपना शीर्षकभित्र चाउचाउको जस्तो चारपाटे मुख नथुनिएको कार्टुन, त्यसभित्र अमेरिकन इगल र काऊ व्याय जिनको पाइन्ट १, १ थान २ थान टी सर्ट सेतो रङ्को स्त्रीले छातीमा लगाउने चश्मा कट्टु आदि छेउमै राखेर टुक्कुक्क बसेका इन्डोनेशियन भर्खरका देखि अधवैशे युवतीहरू । ती सबै ठूला र रङ्गीन सपना देख्दै पसिना बेच्न आएका होलान् भन्ने अड्कल गर्न सकिन्थ्यो वलवीर मनमा यस्तो कुरा खेलाइरहेको थियो भनेर यस उपन्यासमा काफ्लेले लेखेका छन् ।

उपन्यासभरि राग छ, विराग छ, समलिङ्गी सम्बन्धको झल्को छ, पराजय छ, पीडा छ, धोका छ, तैपनि उपन्यासकार काफ्ले अत्यन्त संयमित भएर आफ्नो अभिव्यक्तिलाई सन्तुलित राख्दछन् । आफूले भोगेको, देखेको र अनुभूत गरेको ग्रामीण जनजीवनका असन्तुष्टि पीडा र प्रताडना एवम् आवश्यकता, चाहना र परिपुर्तिका घटना परिघटनालाई विभिन्न आठ आख्यात्मक अध्ययनको बान्कीमा बडो रोचकता साथ संश्लेपित गरिएको यस कृतिमा स्वमूल्य, स्वमान्यता र स्वधर्मिताको मूल्यचेतनलाई समेत उद्बोधन गरिएको छ ।

यस उपन्यासमा समाजमा विद्यमान समस्या र विसङ्गतिले सचेतन मनलाई छोएको छ ।

अरूणबहादुर खत्री

उपन्यासकार काफ्लेलाई पनि छोयो । रङ्गीन सपनाभित्र प्रियाका कलेजका प्राय सबै केटी साथीहरूका व्याइफ्रेन्ड थिए, उनीहरू अनेक किसिमका रमाइला कुराहरू गर्थे, कहिले नगरकोट, कहिले धुलिखेल त कहिले पोखरा घुम्न जान्थे । साथी संगीका यस्ता कुरा र सङ्गतले प्रियाले पनि आफ्नो विगत सम्झी भनेर उपन्यासमा लेखिएको छ । उपन्यास पढ्दै जाँदा रोचक लाग्छ ।

उपन्यासकार काफ्लेले समयको एउटा साँघुरो आँखीझ्यालबाट जीवनका थुप्रै आरोह अवरोहहरू छिचोल्दै एउटा सुखद भविष्य बनाउँदै छन् सामाजिक विसङ्गति र इर्ष्याका अग्ला अग्ला पहाडहरू झत्काएर प्रतिशोधका ज्वालामा आँधीहुरीबाट सङ्घर्षका पाइलाहरू बोकेर उभिएका यी आख्यानकार सपनाहरूको मन बोकेर शिखर आरोहणको क्रमिकतामा छन् । सपनाहरूको अन्त्य शीर्षकभित्र विदेशी भूमिमा रगत, पसिना बगाएर उज्ज्वल भविष्यको आशामा दिनरात खटिरहेका लाखौको मानवसागरमा अनोज, वलवीर र रमेशहरू मिसिएका पनि दुईवर्ष हुन लागेछ । जहाँ भए पनि जता गए पनि उनीहरूको आफ्नै कथा, व्यथा छ भनेर यस उपन्यासमा वर्णन गरिएको छ । उपन्यास जीवनको भोगाइ लाग्छ ।

देवघाटमा थुप्रै माइहरू हुनुहुन्थ्यो चालीस पैतालीस उमेर काटेकादेखि लिएर हाम्री हजुरआमाका उमेरका माईहरू पनि देखिन्थे तर मेरो मनले खोजेका मेरी आमालाई कतै देखिरहेको थिइँन, आँखाले आमा खोजिरहेका थिए काफ्लेले लेखेका छन् । जीवन भोगाइका थुप्रै अनुभूतिहरूको एउटा सिङ्गो पहाड हो आख्यानकार काफ्लेको हजार सपना समयको थुप्रै उतार चढाव र भोगाइका शृङ्खलाहरू जोडिएका मान्छेले भोगेका जिन्दगीका कैयौ पीडाहरूको दस्तावेज पनि हो यो उपन्यास ।

समग्रमा यो उपन्यास राम्रै छ । सबैभन्दा लेखकको मजबुत पक्ष भनेको एउटा विषयको घाँटी अठ्याएपछि अन्त्यसम्म पनि घाटी नछोडी उपन्यासलाई टुङ्ग्याउनु हो । यो विशेषता थोरै मात्र साहित्यकारमा पाइन्छ ।

प्रायः साहित्यकारहरूले कथा वस्तुलाई घुमाएर वा सान्दर्भिक भन्दा भिन्न कुरा लेखेर पुस्तकको पृष्ठ बढाउनमा केन्द्रित भएका हुन्छन् । उपन्यासका शब्दहरू सरल, सहज र अत्यन्त व्यवहारिक भएकोले जुनसुकै हैसियतका पाठकले पनि बुझ्न सक्ने र पचाउन सक्ने खालका छन् । उपन्यासका सकारात्मक पात्र जो उपन्यासमा समेटिएका छन् ती शुरूदेखि अन्तसम्म कौतुहलता जन्माउन सफल मात्र नभएर एउटा पात्रले अर्को पात्र सामु सानो भएकाले मर्यादाका सुकुमार शब्दहरू पस्केर आदरपूर्वक सम्मान दर्शाउनु अर्को सफल पक्ष मान्न सकिन्छ । भाषा सरल र स्पष्टता, शैलीको रोचकतालाई राम्रो मान्नैपर्छ ।

यस उपन्यासको अन्त्यमा समयसँगै सपनाहरू पनि कहिले दौडिदै कहिले घसिँदै अघिर्पा छ गर्दै अघि बढिरहे भनिएको छ । आधुनिक नेपाली उपन्यासको आरम्भ नै रूद्रराज पाण्डेको रूपमती उपन्यासबाट भएको हो । रूपमतीले अघि सारेको आदर्श उन्मुख यथार्थवादी औपन्यासिक चिन्तन-धाराराई *हजार सपनाले* प्रष्टसँग पछ्याएको छ । अन्त्यमा उपन्यासकार कुमार काफ्लेले लेखेको उपन्यास पढिदिनु होला ।

पुस्तकः हजार सपना (उपन्यास)
लेखकः कुमार काफ्ले, प्रकाशकः शब्दार्थ प्रकाशन

लघुकथा एकालापमाथि विशद चर्चा

- जयराम बिडारी

साहित्यकार खेमराज पोखरेलको सातौं लघुकथाकृति 'एकालाप'माथि राजधानीमा विशद परिचर्चा सम्पन्न भएको छ । गत शनिवार लोमश वाङ्मय प्रतिष्ठानको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा चर्चित लघुकथाकार डा. शेखरकुमार श्रेष्ठले परिचर्चाको दैलो उघारे । आफ्नो मन्तव्यका क्रममा उनले पोखरेलको लघुकथा बुनोटको शैलीबाट आफू काफी प्रभावित भएको बताउँदै उनका अधिकांश रचनामा अमेरिकी नेपाली, तिनले अख्तियार गरेको संस्कृति तथा त्यहाँको सिङ्गो नेपाली समाजको प्रतिविम्ब देखिने देखिने बताए । यी कथा पढ्दै जाँदा कतै नेपाली समाज त्यतै डोरिने त होइन ? भन्ने उनको संशय थियो ।

परिचर्चाकार विधान आचार्यले पोखरेलले कथामा प्रयुक्त काललाई ख्याल गर्न सुझाउँदै कथालाई सूक्तिमय बनाउन आग्रह गरे । त्यसरी नै युवराज मैनालीले अमेरिकामा नेपालीको प्रस्ट मनोदशा देखिने उल्लेख गर्दै रचना परिष्कार गर्ने ठाउँ सधैं रही राख्ने बताए । समीक्षक अशेष मल्लले कथामा शिल्प र नाटकीयपन हुनुपर्ने राय राखे । नेपाली लघुकथामाखर्दिलोपन नभएको गुनासो गर्दै पोखरेलका केही कथा झिकिदिने हो भने सङ्ग्रह थप सुन्दर हुने बताए ।

समीक्षक ठाकुर शर्माले कृतिभित्र खुलापनको यौन दर्शन समेत भेटिने टिप्पणी गर्दै खुला समाजको वकालत कथासङ्ग्रहमा यत्रतत्र पाइने धारणा राखे । प्रा.डा. भरत भट्टराईले व्यङ्ग्यात्मक आँखावाट हेर्दा पनि कथाहरू निकै उत्कृष्ट र सटीक भएको अभिमत राखे । प्रा.डा. कुमारप्रसाद कोइरालाले पोखरेलका कथामा विचार पक्ष निकै सबल भएको बताए भने लघुकथाकार खेमराज पोखरेलले प्राप्त सुझावलाई यथाशक्य शिरोधार्य गर्ने वाचा गरे । लोमश वाङ्मय प्रतिष्ठानका अध्यक्ष माधव घिमिरे 'अटल'ले सहजीकरण गरेको उक्त परिचर्चा कार्यक्रमको अध्यक्षता नेपाल स्रष्टा समाजका अध्यक्ष साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन'ले गरेका थिए ।

सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

सम्पादकीय

सङ्कटमा राष्ट्र कि गणतन्त्र ?

सत्ता सडकमा, प्रतिपक्षीहरू सडकमा । सबैका आआफ्नै दाउ छन् । सत्ता आफू लोकप्रिय देखाउन चाहन्छ, प्रतिपक्षीहरू कोही वर्तमान सत्ता ढाल्न र आफू सत्तामा उक्लिन, कोही पद्धति नै फालेर नयाँ पद्धति ल्याउन लागिपरेका छन् । सडक यसरी तात्तिएको छ कि हरेक नेता भ्रष्टाचारमा चोपलिएको छ भनेर एकदोस्राभाथि आरोप प्रत्यारोप गरिरहेका छन् ।

सांसद जेलमा छन् । पूर्वगृहमन्त्री, मन्त्री, सचिव जेलमा छन्, कोही भ्रष्टाचारमा डामिएका छन् । अनुसन्धान नामको राजनीतिक षडयन्त्र चलिरहेको छ । जो सत्तामा छन्, उनीहरू भ्रष्ट हुन् । जो प्रतिपक्षीमा छन्, तिनीहरू पनि भ्रष्टाचारको आरोपबाट चोखा छैनन् । लोकतन्त्र भनेकै लुटतन्त्र बन्यो, जता पनि भ्रष्टाचार र अपराधिकरणमात्र देखिन्छ । वर्तमान नेतृत्व एकले अर्कोलाई मकै नङ्ग्याएझैं नङ्ग्याउनुमा महारथ हासिल गरिरहेका छन् र आफूभन्दा अरू बलशाली छैनन् भन्ने देखाइरहेका छन् । यथार्थमा यिनले आफूले आफैलाई विवेकहीन साबित गरिरहेका छन् । यसकारण राजनीतिक स्थिरता आउन सकेन, राजनीतिक अराजकताले देशलाई गाँजेको छ । परिवर्तन अवस्यम्भावी हुनथालेको छ । यी नेता र यो पद्धतिले नेपालको शान्ति र समृद्धि असम्भव भएको छ ।

मत बाझिन्छ, विवाद हुन्छ, छलफल र सभ्य तरिकाले पनि आफ्ना कुराहरू राख्न सकिन्छ । न्यायका सबै मानकहरू, मानवाधिकारका सबै सीमाहरू मिचेरमात्र आफूलाई बलशाली, प्रभावशाली देखाउन सकिन्छ भन्ने जुन क्रियाकलाप राज्यप्रणालीमा स्थापित भएको छ, त्यो नितान्त विवेकहीनता हो । विधिको शासनको पक्षमा उभिनुपर्नेहरूले विधि मिचेर सडकवाट अराजनीतिक, असभ्य र भद्दा प्रतिस्पर्धा गरिरहेका छन् । राजनीति आफैमा समाज परिवर्तनका वाहक, उदाहरण हुनुपर्ने हो, राजनीतिक परिवर्तन भयो तर चरित्रको परिवर्तन हुनसकेन । चरित्रहीन भइदिंदा राजनीतिले लिनुपर्ने गति लिन सकेन । राजनीति उल्टो गतिमा चलिरहेको छ । अग्रगमन भाषणमा सिमित छ, पश्चगमनको डरलाग्दा खेलहरू राजनीतिमा देखिन्छन् । यस्तै हाल हुने हो भने दश वर्षभित्रै नेपालले आफ्नो स्वराज, स्वअस्तित्व र सार्वभौमिकता गुमाउने खतरा बढ्यो । मूल कुरा भूराजनीतिवाट ग्रसित हुनु हो । नेपालको परम्परागत मान्यता भनेकै असंलग्नता थियो, त्यो पातलिदै गएको छ । विश्वशक्ति नेपाल पसिसकेको अवस्थाले भूराजनीतिमा भूकम्प नै गइरहेको छ । यो भूकम्प थेग्ने ल्याकत भ्रष्ट नेतृत्वमा छैन । जुन नेतृत्व आफै भ्रष्ट छ, त्यस्तो नेतृत्वले हाँकेको लोकतनत्र भनेको लुटतन्त्र हो, नेतृत्वको स्वार्थतन्त्र हो । त्यही स्वार्थतन्त्रले नेपालको सार्वभौमिकतालाई कमजोर बनाउँदै लगेको छ ।

संविधान सफल भन्नेहरू संशोधनका बहस चलाउन थालेका छन् । राजनीतिक पार्टीहरू एकदोस्राका दुश्मनजस्ता लाग्छन्, यस्ताले कसरी संशोधन गरेर संविधान बचाउलान् र ? गणतन्त्र असुरक्षित भयो यही नेतृत्व भन्छ, गणतन्त्र भ्रष्ट चरित्रले बच्दैन भन्ने बुझ्दैनन् । स्मरणीय छ, संसद भंग हुँदा अदालतले बचाइदिनुपर्ने, सरकार प्रमुख अदालतले तोकिदिनुपर्ने, अनेक मुद्दालाई अदालते अड्काएर यिनलाई राहत दिनुपर्ने, राजनीति, प्रशासन, न्यायक्षेत्रसमेत अति राजनीतिले बरालिएको अवस्था हुँदा लोकतन्त्र असफल हुनपुगेको हो । जब राजनीति गर्नेहरूमा चरित्र हुन्न, प्रशासन र राज्यसञ्जाल पनि चरित्रहीन बन्नेरहेछ । समयमै सचेत नहुने हो भने अब यो पद्धति र यी नेता विस्थापित हुने निश्चित छ ।

चेतना जागेन भने यो बेहोसीले बर्बाद हुनेछौं

पञ्चायत फालेर बहुदल आयो, जनयुद्ध भयो, बहुदलको ठाउँमा लोकतन्त्र भनियो, अनेक विरवंश भए, रगत बग्यो, मान्छे मरे, यसरी स्थापित लोकतन्त्रमा परिवर्तनको विश्वास थियो, विश्वासघात भयो, आशा थियो निराशा छायो । भरोसा थियो, तुषारापात भयो ।

कसको कारणले ?

जनताले साथ दिएका थिए, कुनै अल्झो अथवा तगारा थिएनन् । जे निर्ण गर्न पनि नेतृत्व स्वतन्त्र थियो । शान्ति, समृद्धि, समानताका लागि जनताले गर्नुसम्म समर्थन गरेका हुन्, दिनुसम्म मत दिएका हुन् । तर कुनै नेता, कुनै पार्टीले जनमतको आदर गर्न सकेनन् । १८ वर्षपछि पनि जनताको अपमान भइरहेकै छ । लोकतन्त्र भनेको परिवारवाद, स्वार्थसिद्ध हो भन्ने मान्यता स्थापित भयो, जुन अलोकतान्त्रिक हो । अलोकतन्त्रलाई लोकतन्त्र हो भन्नेहरू नेपाली शासन र प्रशासनमा हावी भएका छन् । लोकतन्त्रजस्तो उदार र विधिमा चल्ने पद्धतिलाई बाहुबली बनाएर चलाएका छन् । काशी काश्मिर अजब नेपाल भनेको यही हो । कहीं नभएको जात्रा हाँडी गाउँमा भनेझैं लोकतन्त्रको हालत छ ।

जो शान्ति, प्रगति र सुशासन दिने जिम्मेवार थिए, तिनीहरूमा आचरण, विवेक र नैतिकता नभएका कारण देश अधोगतितिर उन्मुख छ । राजनीतिलाई व्यवसाय बनाएपछि के हुन्छ भन्ने ताजा दृष्टान्त नेपालको परिदृश्य हो । साधन, स्रोत र समयको अभाव छैन । तर पद्धति, विधि र अनुशासन कतै पनि कायम रहेन । कारण एउटै हो, सिद्धान्तमा कोही अडेनन्, नैतिकतामा कोही रहेनन् । यसकारण राष्ट्र निर्माण गर्छौं भन्नेहरू हुँडार र लुटारजस्तामात्र देखिए, नयाँ नेपाल बनाउने लक्ष्यण एकजना नेता वा पार्टीमा देखिदैन । नेता नीतिहीन भइदिए ।

यसकारण नेपालआमा बलात्कृत नारीजस्ती भएर बाँचेकी छिन् ।

०४६ पछि लखनौं लुट चल्यो, २०६३ साल पछिका हरेक नेताको अनुहार लाहुरे लाहुरे देखिन थाल्यो । किन तिनलाई जन्मेको माटोभन्दा लाहुरको बढी चिन्ता लाग्छ ? आम लाहुरेले जन्मेको माटो, सन्तान, माया बिर्सिएनन् । राजनीतिक लाहुरेहरू त स्वदेशलाई भन्दा लाहुरको बढी चिन्ता गर्छन् । यसकारण त यिनलाई चुच्चे नक्सा दुखैन, नेपाली माटो सस्तो लाग्छ, नेपालीपनमा भन्दा बढी विदेशी स्वार्थमा लुटपुटिन रमाइलो लाग्छ । नेपाल नेपाल कम, हाइटी हुँदै गएको छ । असफलताको भीरमा पुगेको छ ।

यी लोकतन्त्र सफल भयो भन्छन्, लोक विदेशीन बाध्य छन्, मान्छे बेचेर लोकतन्त्र सफल भयो भन्नेहरू गजडी हाँसो हाँसिरहेका छन् । लोकतन्त्र होइन, नेताको परिवारतन्त्र सफल छ ।

१२ बुँदे दिल्ली सम्झौतापछि नेपाल कहाँ थियो, कहाँ पुग्यो ? अझै पनि राजनीतिक नेताहरूले बहस नगर्ने ? पहिले सिपाहीहरू लाहुर जान्थे, पछि रोजगारी खोज्दै लाहुर जान थालियो । लोकतन्त्र आएपछि त खाडीदेखि ९२ मुलुकमा नेपाली लाहुरेहरू भेटिन्छन् । अवसरको खोजी, गाँसवासको बन्दोवस्त गर्दै लाहुर जाने भीड हरेक दिन एयरपोर्टमा देख्न सकिन्छ । लुकेर लुकाएर लाने मान्छेका व्यापारीहरू मान्छे बेचिरहेकै छन् । नेपाल मान्छे बेचिने बजार बन्यो । नेपाल लाहुरे उत्पादन गर्ने देश बन्यो । लाहुरे लोकतन्त्र उल्टोबाटो हिंडेर असफल राष्ट्र हाइटी पुग्नै लागेको छ ।

राजनीति शिवरात्रिमा भारतबाट आउने नागाबाबाजस्तो देखिन्छ । लज्जा पनि लज्जित हुनेगरी लोकका नेता कति नाङ्गिन सकेका ? जय नेपाल, लाल सलाम भन्नेहरूले लगौंटी पनि बाँकी राख्नेनन् । सहारा र सल्लाहका लागि वर्षको चालिसचोटी दिल्ली वा लैनचौरदेखि वाशिङ्टनमा छलाङ्ग लगाउनेहरूले घुमाएर कान समाएको शैलीमा अब 'जय हिन्द' 'यस सर' नै भन्न थाले । लाग्छ, लोकतन्त्रवादी नामधारीहरूले अरू केही जानेकै छैनन् । यिनको लोकतन्त्र एक्सप्रेसको गति-मतिको बेगले नेपालीत्व सखाप हुँदैछ । गौरवपूर्ण नेपाल हाइटीजस्तो असफल राष्ट्र बन्दैछ । भारत र चीनको बीचमा महत्वका साथ रहेको नेपाललाई विश्वका कुनै मुलुकले पनि महत्व दिन छाडेका छन् । नेपालले महत्व गुमाएको छ ।

जनयुद्ध गरून् कि जनआन्दोलन, लोकतन्त्र भनुन् कि समाजवाद, यिनले कहिले विश्लेषण गरेनन्, नेपालको खास समस्या र समाधान के हो ? यिनलाई जहिले पनि स्वार्थको लुते धन्दाले पिरोलिरह्यो । त्यसैले त यिनले बनाएको संविधान यतिबेला न्याय नपाए गोखा जानु भन्ने राम शाहको नामकै रामशाहपथमा बलात्कृत भइरहेको छ ।

स्वीट्जरलैण्डको प्रतिव्यक्ति आय ३० हजार डलर छ, सिंगापुरको २५ हजार । स्वीट्जरलैण्ड र सिंगापुरजस्तै साधन स्रोत सम्पन्न देश नेपालीको प्रतिव्यक्ति आय ३ सय पनि छैन । ६० प्रतिशत जनता एकछाक भोकै बस्छन् भन्दा नेताहरूलाई हीनताबोध हुँदैन । हिजो कृषि प्रधान देश थियो, अहिले नेपालले ७० अर्बको चामल आयात गर्छ । त्यसपछि हरियो बन नेपालको धन भनियो । वन फाँडेर कार्यकर्ता राखिएको छ । राजनीति र कुशासनको भ्रष्टाचारले कृषि र बन धरासायी भएपछि प्रकृति र पर्यटनलाई नेपालका लागि बरदानको आधार मानियो । जनयुध्द र अस्थिरताको प्रहारले राष्ट्र छिया-छिया भएपछि जलस्रोतलाई सेतो सुन भनिदैछ । त्यो पनि विदेशीले झोलामा खोला हालेर हिडेको देख्दा नेपालका शासकहरू लजाउँदैनन् ।

यो सेतो सुनवत्ती नेपालीले १२ रूपैयाँ युनिटमा बाल्छन्, आधामूल्यमा भारत, बंगलादेश निकासी हुनथालेको छ । यो कस्तो विकास हो ? यसर्अघि नेपालले लोडसेडिड हटाउन भारतबाट प्रतियुनिट १० मा खरिद गरेको थियो । किन्दा प्रतियुनिट १०, बेच्दा ६ । यति ठूलो शोषण ? नेपाल किन यसरी भारतका सामु चाउरिन पुगेको ? स्वाभिमान भन्ने कुनै नेतामा छैन । यसरी निकासी गर्नुभन्दा नेपालकै कर्णालीलगायतको माग पूर्ति गर्नसकेको भए विकास पनि हुनेथियो, रोजगारी पनि बढ्ने थियो, उज्यालो हुनेथियो ।

२००८ सालमा कोसी, २०१६ सालमा गण्डकी, २०५१ सालमा महाकाली, २०५२ सालमा मेची र २०६३ सालपछि कर्णाली र सेतीजस्ता ठूला-ठूला नदीनालामा भारतको हैकम स्थापित गर्नपुर्यौं । भूपू प्रधानमन्त्री डा.बाबुराम भट्टराई भन्छन्- बुढी गण्डकीमा ओली, प्रचण्ड र माधव नेपालले ३ अर्वका दरले घूस खाए, प्रमाण मसंग छ । प्रमाणित नभए झुण्डिएर मर्छु । तर कुनै कानुनले तिनलाई छुँदैन । कहाँ छ जवाफदेहीता ? नियामक संवैधानिक निकायहरू छन्, प्रधानमन्त्री भइसकेको व्यक्ति प्रमाण छ भन्छ, कसैले प्रमाण मागेन, कारवाही गर्न अघि सर्दैन, नेपालको लोकतन्त्र उजाड मरूभूमिभन्दा गएगुज्रेको प्रमाण हो यो ।

जलस्रोतमा ब्राजिलपछि विश्वको दोस्रो धनी देश नेपाल भारतबाट विद्युत आयात गरेर लोडसेडिङ् घटाउने बाध्यतामा थियो, बिस्तारै उत्पादन हुनथालेको छ । लोडसेडिड हटेको छ । भारतलाई ३ रूपियाँमा जल बेचेर १० रूपियाँ युनिटमा जलशक्ति खरिद गर्ने र आधा दाममा विद्युत बेच्ने निर्णयमा पुग्नु नेपाली नेतृत्व क्षमताको उपहास थियो, अहिले त्यही उपहास दोहोरिएको छ । कहिल्ये उपनिवेश बन्नु नपरेको नेपाल 'बहादुर' 'कान्छा'बाट 'आतंककारी', 'गार्ड' र 'कमारो' 'दास' बन्दै 'युवा निर्यात गरेर, बेचेर रेमिटान्स अर्थतन्त्र'को हाइटी स्तरमा झरिसकेको छ । हाइटी भनेको त्यो देश हो, जहाँका जनताले दुभालियरजस्ता भ्रष्ट नेता र उनका आज्ञाकारी प्रशासकहरूलाई शोषण गर्न र निरङ्कूशतन्त्र चलाउने मौन छुट दिएका छन् । त्यो हाइटी र यो नेपालमा आखिर फरक नै के बाँकी छ र ?

विधि मिचिएको हाइटी र विधिको नाममा निरंकूशता चलेको नेपाल ।

लोकतान्त्रिक गणतन्त्र नेपाल टिनको पातामा लेखेको साइनबोर्डभन्दा बढी केही रहेन । हिजो इमान र योग्यताको कदर भएन, आज पनि बेइमानहरूको रजगज चलिरहेको छ । चरित्रहीनताभन्दा डरलाग्दो केही नहुने रहेछ । ९३ प्रतिशत विपन्न, कमैया, कमलरी, सुकुम्बासी, बेरोजगार, असहायहरूलाई सपनाको व्यापार गर्ने सस्तो लोकतान्त्रिक बजार हो नेपाल । यहाँ सपना बेचेर कानुनको घोडा चढ्न सकिन्छ । सत्ता र शक्तिमा बुर्कुसी मार्न सकिन्छ । जयप्रकाश मल्लले वर्षको एकपल्ट गाईजात्रा देखाएर शोकमा परेकी महारानीलाई मनोरञ्जन दिने गर्थे, हाम्रा नेताहरूले बाह्रैमास गाईजात्रा देखाइरहेका छन् । हामी गाईजात्रे, हाम्रो देश गाईजात्रे, लोकतन्त्र- अर्को गाइजात्रा हो । मध्ययुगीन तमासाहरू एकपछि अर्को देखिदैछन् । मान्छेले मान्छेको अपमान गर्नु सामान्य हुनथालेको छ । ज्यानमारा संस्कार बढ्नु भनेको जंगलराज हो ।

स्कुल, कलेज, विश्वविद्यालय पार्टीका कार्यकर्ता उत्पादन गर्ने कारखाना बनेका छन् । जनता मतदान गर्ने मेसिनजस्ता लाग्छन् । नेता तिनै जनबल र जनमत दिने जनताको रगत पिउने जुका बनेका छन् । नेताको काम मात्र जनताको शोषण गर्नु हो । विदेशी शक्तिले उभ्याइएका यी बुध्याँचाहरू जनतालाई तर्साउछन् र आफू अनुकूलतालाई लोकतन्त्र भन्ने विश्वास राख्छन् । नीति, निष्ठा र नैतिकताको कुनै अर्थ छैन । हरेक विषयमा बिर्मति राख्ने, आरोप प्रत्यारोपको महाभारत खडा गर्ने अनि सत्ताको भागवण्डा मिलाएर मौनता साध्नु यिनको लोकतन्त्र हो । यही कारण जिम्मेवार वा जवाफदेही कोही छैनन् । राष्ट्र नैतिकहीनताको खाडलमा जाकिदै गएको छ । लोकतन्त्र हात्ती हो कि हात्तीछापे चप्पल ? भन्न सकिन्न ।

समस्या योग्यताको कदर छैन । राम्रो कामा गर्नेलाई पुरस्कार र खराब आचरण देखाउनलाई दण्डविधि छैन । संविधानको पालना कोही गर्दैन । सबैलाई आआफ्नो स्वार्थ प्यारो छ । जहाँ स्वार्थ बलवान हुन्छ, त्यहाँ लोकतन्त्र मर्छ ।

नेपालमा लोकतन्त्रको लाशमात्र बाँकी छ । त्यही लाश बोकेर लोकतन्त्रको झ्याली पिटिरहेछन् दलहरू ।

जनताले खोजेकै हुन् परिवर्तन भने लौ त भनेर राजा ज्ञानेन्द्रले राजपाठ छाडिदिए । जालीहरूले जाल गरे, जनताको खोज र राजाको सोच पुरा भएन । महाभारतका दृष्टिहीन राजा र लोकतन्त्रका विवेकहीन नेताहरूमा भिन्नता देखिन छाडेको छ । यति हुँदा पनि सुकुलगुण्डाहरूमा चेत पलाएको छैन । नकचरोको ओखती हुन्न भनेको यही हो । लोकतन्त्रको जप गर्ने नेताहरू लोकतन्त्रमा हुनैपर्ने विधिलाई कुल्चेर लोकतन्त्र भनिरहेका छन् । लोकतान्त्रिक विधि पद्धति बिनष्ट भइसक्यो ।

सार्वभौमिक पहिचानको कुरा गर्ने हो भने भेटिकनदेखि भुटानसम्म, बंगलादेशदेखि बर्मासम्म विश्वसमुदायमा समान छन् । नेपालमात्र छिमेकी र विश्वशक्तिको सामु मुखले बोल्न सक्दैन, नाकले सुघ्छ र पुच्छर हल्लाईरहन्छ । अब बेइजिङ, वाशिङ्टन र रूस पनि शक्ति र सामलका साथ नेपालमा प्रभावकारी रूपमा छिरेपछि नेपालको राजनीति अन्यौलमा धकेलिएको छ । भूराजनीतिक चक्कल बढेको छ । यो अन्यौलको अँध्यारोमा टुकी बाल्ने परराष्ट्रनीतिले हो । यो नीति हाँक्ने अव्वल पात्रहरू पछाडि परेका छन् । अगाडि जो छन्, मौसमअनुसारको ट्यूनिक लगाउनेहरूमात्र देखिन्छन् । नेपाल नीतिहीन अवस्थातिर उन्मुख छ । अर्थात आत्मशक्ति गुमाएर घ्राणशक्तिमा पुगेको छ नेपाल । जब राजनीति व्यवसाय बन्छ, काला व्यापारीहरूले टाउको उठाउँछन् । पार्टीहरू अपराधीलाई चोख्याउने चोखो तीर्थस्थल बन्छ, भ्रष्टहरूको सेटिङमा चल्छ, देश महिनौं फोहर नउठाएको महानगरको कन्टेनर बन्नु स्वभाविक हो । यस्तो फोहरी राजनीतिमा भाइरस नजन्मे के जन्मिन्छ ? लोकतन्त्र कता हो कता ?

नेपाली लोकतान्त्रिक राजनीतिक परिदृश्य यस्तै छ । यस्तै हो ।

यथार्थ कुरो के हो भने, जनतासँग डराउनेहरू तानाशाह बन्दैनन् । जनतालाई भयाक्रान्त पारेर सर्वसत्तावाद चलाएकाले लोकतन्त्रले गरिमा र महिमा गुमायो । सच्चिने र सच्याउने काम चेतनाले गर्ने हो । नेता र जनता दुवैतिर त्यो चेतना जाग्नुपर्छ । जागेन, जगाउन सकिएन भने असफल भइसकेको यो पद्धति र नेतृत्व धेरै दिन चल्नेछैन ।



सामाखुशी साहित्य समाजमा कविता

सामाखुसी साहित्य समाजको नियमित साहित्यिक कार्यक्रम सामाखुसी साहित्य समाजको अध्यक्ष भाग्यशाली अधिकारीको सभापतित्वमा सामाखुसी स्थित लिंकन कलेजमा मङ्सिर ८ गते शनिवारका दिन सम्पन्न भयो । कार्यक्रममा बेनीबहादुर थापा, चन्द्रा न्यौपाने, द्वारिका कुईकेल, अनुप खनाल, अरूणबहादुर खत्री नदी, माधव घिमिरे अटल, निर्मल रमण पराजुली, श्रीकृष्ण न्यौपाने, टेकबहादुर लौडारी, राजेन्द्र वतौला, कृष्णप्रसाद पौडेल लगायत २२ जना कविहरूले आफ्नो कविता वाचन गर्नु भएको थियो । कार्यक्रममा विशेष अतिथि रामप्रसाद पन्तले आफूले खोल्नुभएको दायित्व वाङ्मय प्रतिष्ठान तथा निकाल्दै आइरहनु भएको दायित्व पत्रिकाको बारेमा व्याख्या सुनाउनु भएको थियो । विशेष अतिथि सोमकान्त शर्माले सामाखुसी साहित्य समाजको बारेमा भनाई राख्नु भएको थियो । प्रमुख अतिथि डा.बमबहादुर थापा जितालीले सामाखुसी साहित्य समाजको प्रशंसा गर्नु भयो भने कार्यक्रम गंगाप्रसाद भेटुवालले सञ्चालन गर्नु भएको थियो । सभापतिले समापन गरेपछि कार्यक्रम सम्पन्न भएको थियो । यस्ता कार्यक्रमहरूले वाङ्मय विकासमा ठूलै योगदान पुग्ने साहित्यकारहरूले अनुभव सुनाएका छन् ।

- अरूणबहादुर खत्री "नदी"

हार्दिक श्रद्धाञ्जली

हाम्री ममतामयी नाताले हजुरआमा विष्णुमाया सिल्वालको स्वर्गारोहण भएको वार्षिक पुण्यतिथि मंसिर ११ गते दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

छोरा : बासु सिल्वाल
बुहारी : उषा केसी सिल्वाल
नातीहरू : विजयविक्रम सिल्वाल
अजय विक्रम सिल्वाल
तथा सम्पूर्ण सिल्वाल परिवार

छोरी : दुर्गा पाण्डे
ज्वाई : निराजन पाण्डे
नातिनी : नेहा पाण्डे
नाती : दीक्षान्त पाण्डे
लेले- ५, गोदावरी नगरपालिका, ललितपुर



अखिल भारत नेपाली एकता समाज

सुरेशकुमार पाण्डे

संगठन केहो र संगठन किन चाहिन्छ भन्ने कुरा भारत स्थीत नेपालीहरू सँग सिक्न सकिन्छ । खास गरि प्रवाशी नेपालीहरूको लागि त संगठनले विशेष महत्व राख्दछ । भनिन्छ माछालाई पानी जस्तै मान्छेलाई संगठन अनिवार्य छ ।

आज पनि हामी भारततर्फ पुग्यौं भने भारतका विभिन्न सहरहरूमा विभिन्न पेसामा संलग्न भएका नेपाली श्रर्मजिविहरू भेटिन्छन् । यी नेपालीहरू मध्य धेरैजसो संगठित भएकाछन् । जहाँ उनीहरू संगठित अवस्थामा छन् त्यहाँ नेपालीहरूले आफ्नो हक अधिकार प्राप्त गरेका हुन्छन् । जहाँ असंगठित अवस्थामा छन उनिहरू प्रायःजसो नारकिय जीवन यापन गर्न वाध्य छन् ।

मानिसहरूले एकता पहिले-पहिले जनावरहरू सँग आफ्नो रक्षाको लागि चाहिन्थ्यो । त्यसका साथै सामुहिक सिकार वा आहारा जुटाउँन मानिसहरूको एकता अनिवार्य हुन्थ्यो । सामन्तवादी युगमा मानिसहरूले सामुहिक कृषिमा योगदान दिने वा पर्मबाट उत्पादनमा एक आर्कालाई सहयोग पुराउंने प्रयास गरेको देखिन्छ । त्यो वेला विनिमय कार्य प्रणाली अप्नाउने चलन थियो । जस्तै अन्नले दही, दुध, घ्यू,मह, लुगा लगायतका वस्तुहरू विनिमय गरिन्थ्यो । त्यस्तै आफुले आर्को सँग काम साटासाट पनि गर्ने चलन थियो ।

पछि दिन बित्दै गए मानिसलाई अन्य पसु पंक्षीको भन्दा मानिसबाट जोगिनपर्ने भयो । सामन्तवादी युग देखी अहिलेको पुँजिवादी युगको यो द्वौरमा गरिब श्रर्मजिविहरूलाई शोशक फटाहा सँग जोगिनका लागि आफु जस्तै श्रर्मजिविहरूको एकताको खाँचो पर्दै गयो । अंझ हामि नेपालीहरूको लागि परदेशको बाटो खुलेपछि त आआफ्नो जीवन निर्वाह गर्न परदेशतिर लाग्न वाध्य भयौं । यस्तो अवस्थामा आम नेपालीहरू आर्काको देशमा आफ्नो र आफु जस्तै नेपालीको सहयोगको लागि संगठन अनिवार्य भयो । यसै सिलसिलामा सन् १९७९को दिन भारतको प्राचिन सहर बनारसमा ७ जना बुद्दीजिविहरू द्वारा अखिल भारत नेपाली एकता समाजको गठन गरिएको थियो ।

अहिले भारतमा विभिन्न प्रकारका संगठनहरू अस्तित्वमा छन् । पहिले पनि जातिय क्षेत्रिय संगठनहरू थिए । कसैले मन्दीर धर्मशाला, पुल बनाउने भन्दै चन्दा सङ्कलन गरिरहन्थे । भारत स्थित नेपालीहरूको पसिनामा बमलुट गर्ने परम्परा पनि हुँदै आएको देखिन्छ ।

भारतमा त्यो वेला दुई प्रकारका नेपालीहरू देखिन्थे । पहिलो सन् १८१५/१६को सुगौली सन्धिमा जमिन सँगै काटिएर भारतिय भएका नेपाली र आर्का थरि सन् १९५० को शान्ति तथा मन्त्रि सन्धिबाट पुगेका प्रवाशीहरू ।

आखिर उनिहरूको दुइ प्रकार भएपनि समस्या भने मिल्दो जुल्दो देखियो । त्यसैले गर्दा पनि अखिल भारत स्तरको एउटै जुझारू संगठनको खाँचो थियो । त्यो वेला केही बुद्धिजिविहरूको सुझबुझले अहिलेसम्म नेपाली श्रर्मजिविहरू लावारिश हुनुपरेको छैन । हुन त यो संगठनबाट समय समयमा फुटेर बेरुै संगठन बनाएकाहरूले आफुलाई सही साबित गर्ने सब्दो प्रयास गर्दै आएका छन् ।

स्थापनाको वेला गोबिन्द सिंह थापाको नेतृत्वमा, रामचन्द्र शर्मा, पदम राना, दण्डपाणी न्यौपाने, राजु नेपाली, रतन बहादुर, दुर्गा प्रसाद शर्मा यो संगठनको संस्थापकहरू हुनुहुन्थ्यो । यिनै सात जना संस्थापकहरूले भारतमा *अखिल भारत नेपाली एकता समाज*को गठन गरेर अभिभावकत्व दिनुभएको हो ।

अहिले उहाँहरू मध्ये केही हुनुहुँदैन । कतिपय अहिले पनि कार्यरत हुनुहुन्छ ।

उनिहरूले गरेको काम र बिचारले सदियौं सम्म उनिहरूलाई जीवित राख्नेछ । यो छुट्टै कुरा हो कतिपय व्यक्तिहरू छुट्टै राजनीतिमा सामिल भएर नेता मन्त्री वा सभासद पनि भएका छन् । भारत स्थित नेपालीहरूको हक हितको आवाज उठाउने स्वयम भारत स्थित संगठनले नै हो । भारतमा १९७९ भन्दा पहिले संगठन नभएका पनि होइनन् । जातिय क्षेत्रिय र इलाकिए आदिका संगठनहरू प्रसस्तै थिए । अखिल भारत स्तरको संगठन भारतमा पहिलो पटक नेपालीहरूको अखिल भारत नेपाली एकता समाज नै हो ।

भारतमा मात्र होइन जहा जहाँ नेपाली श्रर्मजिविहरू छन् त्यहाँ नेपालीहरूको लागि संगठन नभै नहुने हुन्छ । त्यो वेलाको यो संगठनले नेपालीहरूको आधारभूत जरूरत पुरा गर्न सफल भयो ।

देशभित्र निरङ्कुश व्यवस्था । गुण्डाहरूको बिर्गाबिर्गी । आर्कोतिर परदेशमा श्रर्मजिविहरूको दयानिय र अपहेलित अवस्था प्रशासनको मिलिभगतमा ठगी, लुट, कुटपिट र नेपाली महिलाहरूमाथि बलात्कार बेचबिखान । शारिरिक र मानसिक शोषण र सिमानाहरूमा प्रसासनको र गुण्डाहरूको मिलिभगतमा सोझा नेपालीहरू माथि अमानविय व्यवहारले आम नेपालीको अवस्था दयानीय हुँदै गएको थियो । त्यसैले संगठनको आवश्यकता थियो ।

एकातिर भारतसँग संधि गरेर नेपालीहरू भारतमा जान वाध्य गराइएको थियो । आर्कोतिर शान्ति तथा मैत्रि सन्धि अनुसार नेपालीहरूको लागि भारत सरकारले काम मुहाइया गराउँदैनथ्यो । नेपाली श्रर्मजिविहरू न्यूनतम ज्यालामा भारतिय धनीहरूका घरमा होटेलमा, गेटमा र आफिसहरूमा बढी भन्दा बढी कजाइन्थ्यो । भारतीय साहुहरू खुसि भएपछि नेपालीहरूलाई तलब मिल्ने नत्र चोरीको आरोप लगाएर कयौं महिनासम्म काम गरेको ज्याला हडप्ने गरिन्थ्यो । बंधुवा मज्दुर झैं बनाएर राखेको पनि भेटिन्थ्यो । यो पछि संगठन गठन भएपछि क्रमसै विभिन्न सहरहरूबाट बंधुवा मज्दुरहरूलाई न्याय दिलाउने काम भयो ।

नेपालीहरूको लागि न नेपाल सरकार चुँ गरेर बोल्थ्यो न भारतिय प्रशाशनले । लाई एउटा अखिल भारत स्तरको बलियो जुझारू संगठनको खाँचो थियो । जो अखिल भारत नेपाली एकता समाजले पुरा गयों । जब भारतिय भूमिमा अखिल भारत नेपाली एकता समाजको गठन भयो । त्यसपछि विस्तारै क्षेत्रिय जातियसँग संस्थाहरू सेलाउँदै गए ।

सन् १९७९ र जुन १९८१सम्मको संगठनको अवस्था खासै संतोष जनक थिएन । पछि जुन १९८१मा एकता समाजको अस्थाई समितिको पूर्नगठन पछि संगठनको व्यापक विकास हुँदै गयो । संगठन झाङ्दिै गयो । संगठन अनुशासित र लडाकु बन्दै गयो ।

जसले छोंटो समयमा सन् १९८२ सेप्टेमवर ५/७ मा आफ्नो प्रथम सम्मेलन दिल्लीको निलकण्ठ भवनमा सम्पन्न गयों । संगठनलाई बिच बिचमा थुप्रै अवसरवादहरूले टुक्रा पार्ने दुस्साहस नगरेका पनि होइनन् । संगठनका जुझारू कर्मठ कार्यकर्ताहरूले संगठनलाई जोगाउँदै डोराउँदै न्याययुद्ध आन्दोलनमा अगाडी बढाउँदै आएका छन् ।

दूतिय अखिल भारत सम्मेलन १०/१४ दिसम्बर सन् १९८५ दिल्लीमै सम्पन्न भयो । त्यो वेला पनि संगठनमा फुटप्रस्तहरूले संगठनलाई कलकत्ता पुराउन खोजेका थिए । तर केही साथिहरू भ्रमवस फुटेपनि मूल समिति जोगियो । कानपुरमा भएको तृतिय अखिल भारत सम्मेलन १९८९ पछि पनि कयौं साथिहरू फुटेर गए । त्यो प्रथम दशाब्दी समारोह १३/१६ नोवेम्वर सम्म सम्पन्न भएको थियो । यस्तै गरेर चौथो अखिल भारत सम्मेलन १५/१६ फरवरी सन् १९९५ दिल्ली शिविल लाइन स्थित शाह अडिटोरियनमा भयो । त्यो सम्मेलन पछि पनि संगठनलाई गलत बाटोमा डोराउन प्रयत्न भयो । खास गरेर माओवादीहरूको कथित जनयुद्धको कतिपय नेताहरू प्रभावमा परेको देखियो ।

अखिल भारत नेपाली एकता समाजलाई माओवादीहरूले ठुलो नोक्सान पुराउँदै आएको देखिन्छ । उनिहरूले संगठनलाई पटक पटक आफ्नो पिछलग्गु बनाउने खोजेका थिए ।

पछि पाँचौ सम्मेलन हैद्राबादको सिकन्द्राबादमा १०/१३ फरवरी सम्म सपन्न भयो । जसले आफ्नो नाम भन्दा पहिले मूलप्रवाह थप्ने निर्णय गयों र संगठनको नाम मूलप्रवाह अखिल भारत नेपाली एकता समाज राख्यो । संगठनका सिपाईहरूको सजगताले संगठन माओवादको पुच्छर बन्नबाट जोगियो । मूलप्रवाहले आफ्नो छैठौं सम्मेलन भारतको फरिदाबादमा सम्पन्न गयों ।१३/१५ सन् २००९ मा भयो । यो ऐतिहासिक सम्मेलनले परिषदको सुरूवात पनि गयों । सातौं मूलप्रवाहको अखिल भारत सम्मेलन २१/२३ सेप्टेम्वर २०१४मा लखनऊ मा सम्पन्न भयो । संगठनले आफ्नो आठौं सम्मेलन फेरी फरिदाबादमा सम्पन्न भयो । अहिले संगठनले आठौं सम्मेलन सम्पन्न गरेपछि त्यसैको मैण्डेटमा कार्यरत छ ।

भारतमा नेपालीहरूको यो संगठन नभएको भए भारत स्थित नेपालीहरू सचेत हुन सक्ने थिएनन् । उनिहरू न्यायका लागि लड्न सक्ने थिएनन् । संगठनले धेरै जुझारू साधिहरूलाई जन्माएको हामिले देखेका छौं ।

अहिले भारतमा मात्र संगठन छैन , संगठन विश्वमा फैलिन सफल भएकोछ । यो मूलप्रवाह अखिल भारत नेपाली एकता समाजको देन हो । आज विश्वस्तरमा नेपालीहरू संगठित भएर आफ्नो हक अधिकारका लागि शंघर्ष गर्दै आएकाछन् । संगठनले विदेशबाट पनि विदेशी अतिकर्मणको विरोधमा आवाज उठाउँदै आएको छ । विदेशमा बसेका प्रवाशी नेपाली हरूलाई सन्धि अनुसार अधिकारको माग गर्नुका साथै असमान सन्धिको खारेजीका लागि ससक्त आवाज उठाउँदै आएको छ ।

यसरी एउटा अबिभावकको भूमिकामा मूलप्रवाह अखिल भारत नेपाली एकता समाज आज निरन्तर अगाडी बढ्दै आएको छ । आज देशभित्र रोजगार नभएकोले प्रवाशिन बाध्य नेपालीहरूको एकताले ठुलो महत्व राख्छ । हामि जो जहाँ भएपनि एकढिक्का भएर बस्नु समयको माग हो ।

In the context of the emerging needs of Moral Education in Nepal and lessons Learning from Nanjing Normal University of Moral Education of China

A Conceptualization for the National Level of Institute of Moral Education in Nepal

By Uttam Karmacharya

(Part One)

1. As I remember /recapitulate during my high school days there are many text books of Moral Education both in Nepali and Sanskrit language called Niti Shaastra taught in each class from class one to ten. Those text books were quite interesting to know moral values, traditional practices, old aged cultural activities ,tangible and intangible heritages and profile of ideal religious people and their spiritual and devotional functional contribution to avoid immoral practices and injustice both in the epics of Ramayan , Mahabharat , Bhagbat Geeta/ religious epics and Chanakya policies and practices. These types of Moral Education dissemination was not found in the college and university education.

2. Then suddenly I remembered the New Education System Plan 1972-76 implemented first time in Nepal and started to go through chapter by chapter but I did not find any policies and plans / word spelled out for the promotion of Moral Education . With the coming of the ending of 20 century, I found many countries founded Universities of Moral Education especially in China, Japan and India (after Covid period.)

3. I got a wonderful chance to study and meet professors (one of them was my counter partner Professor Dr. Yang of Moral Education in China especially when I was in Nanjing University in China as a team leader of a Study of Rural Education of fourteen countries. I met Professor Yang time to time as a professor of Moral University. I got chance to study Sun Yat – Sen University Guangzhou China through Dr. Yang. It was a great opportunity for me to study Moral Education in Teacher Preparation. It is worthwhile to note that in China Moral Education is the strongest faculty in the School of Education. They believe on the universal version that "if we are planning for a year, sow rice; if we are planning for a decade, plant trees; and if we are planning for a life time, educate people.

4. Brief Introduction of the Institute of Moral Education

Nanjing Normal University has a long tradition in moral education. From the theories of Life as Education and Living Education advocated by Mr. Tao Xingzhi and Mr. Chen Heqin to the value of Caring Everyone proposed by Madam Wu Yifang, the moral education theories are deeply rooted in the minds of the later generations of teachers and students in their research and operation of Nanjing Normal University. Since China 's adoption of the open-to-the-outside policies, the university became one of the first groups of universities in China which offer doctorate programs in pedagogy and the moral education is highlighted. By now sixty eight candidates have completed their research in moral education and were awarded Ph. D. degrees. Twenty one post doctorate research fellows studied in the Institute of Moral Education (IME) Nanjing Normal University in the past eight years.

The Research Institute of Moral Education was founded in August 1994, restructured in 1999, and approved as national key research institute of humanistic and social sciences by China Ministry of Education in Sept. 25, 2000. Professor Zhu Xiaoman acted as the first Director, and Professor Feng Jianjun was the Director . The leading professors are Professor Lu Jie, Professor Ban Hua and Professor Feng Jianjun. There are twenty two international and domestic part-time research fellows. There are a total floor of 218 square meters for offices and 420 square meters for information center which have 50 thousand books in Chinese version and 12 thousand books in English. There are more than 200 different magazines and 7000 copies of used magazines collected in the past years.

The center aimed to form an excellent working team at the national level and to be the first-grade center for research and exchange, for training of professionals, for consultancy and for information browsing at national or even international levels.

5. In Nepal, now we have more than 15 national universities and five Regional Universities but none of the university has established the faculty or college/ school of Moral Education.

In the case of Nepal when I was sorting my personal small library of my collection of books and research document at home I got chance to go through first documents on the report of a status survey of Moral Education entitled " Moral Education in School Curriculum published from Tribhuvan University, Research Center for Educational innovation and development Nepal 1984 .

Major highlights of the first documents on the report of a status survey under Review of Moral education program in selected countries.

1. Historical tress on Moral Education
2. Present status of Moral Education
3. Contents of Moral Education
4. Objectives for Moral Education
5. Time allotment to the instruction of Moral Education
6. Instructional materials used in Moral Education
7. Teacher training education- in Moral Education
8. Evaluation procedures in Moral Education and
9. Evaluation in Moral Education

6. Moral Education in selected Asian countries.

The concept of Moral Education in selected Asian countries as Nepal, India, Pakistan, Thailand, Sri Lanka and the Philippine differs from country to country. Countries like Pakistan and Sri Lanka have emphasized religious education in the name of Moral Education and made it as a compulsory course, whereas in the Philippine it is optional in both elementary and secondary schools. Thailand has identified some moral values expecting to inculcate in the minds of the students. In India some states have accepted this subject in a formal way. In the case of Nepal it has emphasized moral education as a separate subject for grade four to Seven. The people in these countries expected that students should behave in accordance with the religious cultural values and moralities of their societies. It is to be noted that Moral Education in the past was the acquisition of religious knowledge and application of that knowledge to daily life situations.

(Professor Dr. Uttam K. Karmacharya (Ph.D) presently working as a Board of Director of Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Dr. Uttam Karmacharya of Tribhuvan University was a former Resource Person for China (Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) and Director, Center for Education for All (CEFA).

जाडो याममा उच्च जोखिममा पर्नेहरु

मुटुरोगी
- हृदयाघात र ब्लोकेज भएका
- बाइपास सर्जरी वा स्टेन्ट हालेका
- हार्ट फेल्योर (मुटु कमजोर) भएका
- मुटुको चालमा गडबढी भएमा

मुटुरोगको जोखिम भएका
- अनियन्त्रित रक्तचाप, कोलेस्ट्रोल
- मधुमेह, मोटोपना, शारीरिक निष्क्रियता
- धुम्रपान, अत्यधिक मदीरापान
- मस्तिष्कघात वा पक्षाघात भएका

- दीर्घ रोगीहरु: फोक्सो (दम, सीओपिडी), मृगौला, कलेजो रोगीहरु
- बृद्धावस्था: ६५ वर्षभन्दाबढी उमेर भएका

कृपया यो जानकारी शेयर गरौं

डा. ओम मूर्ति अनिल
मुटुरोग विशेषज्ञ

Smash And Grab

By Sunanda Datta Ray

CHAPTER 14 **Against the Law**

This was not an encouraging analysis. It explained Das's acquiescence in the motion of thanks, the 20 June and 28 June proceedings, the passage of the 1974 Act and phoney request for participation, as well as his concurrence in Kazi's populist pressures and the activities of the three Indian OSDs. But his manner was always pleasant, which once prompted the Chogyal to remark that only his personality distinguished the chief executive from more abrasive Indian officials. "He thinks the Chogyal's not such a bad fellow after all, and poor chap, he's suffered a lot already, so let's make him unconscious before we cut off his head so that it doesn't hurt too much." It was a perspicacious comment on a man whose smooth tongue and kindly ways persuaded man Sikkimese that he had been recalled because he had proved to be that impossible creature, a reluctant executioner.

No one in Gangtok had heard of his successor. Even the Chogyal, with his intimate familiarity with the upper echelons of India's administrative hierarchy, wondered who Bepin Behari Lal might be. Rustomji reminded him that Lal had been a colleague at the ICS training camp and produced a snapshot to prove that they had been together in 1942. The Chogyal recognized him then as Bepin Behari Lal Mathur; the caste suffix had been discarded during his career in Uttar Pradesh.

The new chief executive could not have been more unlike B.S. Das. He was an elderly widower, nagging, fault-finding, inclined to be rude even to the Chogyal, bullying in his attitude to Kazi and other politicians, and offensively domineering with civil service subordinates. He lived frugally and did not entertain unless he had to; but demanded that Sikkimese officials run domestic errands for him, and for his son and daughter in India, that would have been unthinkable under the durbar. Gangtok was too dazed to protest; it was also impressed, for Mrs. Gandhi's hatchet man had been commerce secretary in New Delhi, and then secretary to the Planning Commission. Sikkim had never before had an administrator of such exalted rank. Mintokgang's previous occupants had all stood several rungs below the PO who was indisputably the senior Indian in the kingdom and gave all the orders. The pecking order was about to be reversed. Gurbachan Singh, a joint secretary in New Delhi's official hierarchy, might still enjoy social precedence by virtue of his diplomatic status, but Lal ranked higher and was by far the more important personage.

"I should have twigged..." mused the Chogyal, looking back. He was ordinarily extremely sensitive to all the finer nuances of bureaucratic etiquette, but his antennae failed him then. "Something major was obviously afoot...they wouldn't have sent a secretary otherwise..."

CHAPTER 15 Winner Takes All

The monarchy being a sacred and binding institution, its protection and continuance should be the guiding factor, and India should ensure it. B. S. Das, 20 November 1973.

I am proud of my nationality. But does it mean that my Indian nationality should have ever come in the way of giving an honest opinion¿ Should nationality create, cause or justify hurdles in the discharge of the legal and moral duties of a judge¿ Tarachand Hariomal, chief judge of 'the Central Court of Sikkim, note to Morarji Desai, Charan Singh and Shanti Bhusan, 15 April 1977.

Seven days after Lal moved into Mintokgang, he recevied a letter from the Chogyal inviting the cabinet to a meeting on 25 September. The new chief executive at once replied, that Kazi and his colleagues wished to have no truck with the palace. To drive home the boycott, ministers were advised to stay away from the Chogyal's receptions in honour of the PO and chief executive.

An ominous situation was developing. Since the government was carried out in the Chogyal's name by his ministers and by a chief executive formally appointed by him, it could be presumed that he was not altogether unconcerned in its business. Moreover, the chief executive was under a direct obligation to keep him informed of all that happened and to obtain his consent for decisions taken. But he was not allowed to discuss anything at all with assembly members: Lal was determined to carry the strategy well beyond the limits observed by Das. Rebuff followed rebuff. When Densapa sent the Chogyal's customary Dusserah message to be printed in the Sikkim Herald, Gangtok's official publication, Lal promptly returned it as being offensive. The Chogyal offered to rewrite the short text, but after hesitating for a day or two, Lal apparently decided that a public snub would serve his purpose better. The message was refused.

Eventually in early October the Chogyal wrote to Kewal Singi protesting that he had not once met the chief minister and that the government could not operate if ministers were to remain incommunicado:

The ministers as welt as the Chogyal have constitutional roles an responsibilities to discharge and there has to be some solution the present impasse. Differences there are bound to be, but to avoid any dialogue and display such utter disregared for mutual regard and courtesy is a ludicrous way of functioning, unless unfortunately, the intention is to carry this stage of confrontation to a bitter conclusion.

Evading the heari of the matter, the foreign secretary went off at tangent to accuse the Chogyal of instigating violence and spreading anti-Indian propaganda. He spoke of reports, presumably receive from Lal and Gurbachan Singh, of the crown prince's provoked attitude, warned that people had lost all faith in the ruler, a added, on a threatening note, that Khatiawara could any day are up a mob of ten thousand to overwhelm the palace if India was drew the CRP. The Chogyal's reply did not lack dignity: contd...

राजनीतिका कारण उन्नति असम्भव

डा. शास्त्रदत्त पन्त

पद्धति चयन गर्ने स्पष्ट आधार हुनुपर्दछ । मूलनीतिभित्र पर्नँपर्छ । किनकि पद्धति नमिले मुलुक पतनतिर जान्छ । प्रशासन पद्धतिमा आधारित हुनुपर्छ, अर्थनीति पद्धतिमा चल्नुपर्छ । पद्धतिमा चलेको व्यवस्थामा मात्र निष्पक्षता हुन्छ, माथिको आशय मनशाय बुझ्नुपर्दैन । यस्तो भएमा मात्र जनताले सेवा र सुविधाको समान अवसर पाउँदछन्, सबै खाले सेवाको समान बितरण व्यवस्था हुन्छ, केन्द्र-स्थानीय स्तरमा सही कार्यविभाजन हुन्छ, सबै खाले अवसरको समान वितरण हुन्छ, सबै नागरिकलाई समान गुणस्तरको शिक्षा उपलब्ध हुन्छ, सबै जनता समान रूपमा सचेत हुन पाउँदछन् । अनि मात्र चेतना पहिलो आवश्यकता ठहरिन्छ । मुलुक राष्ट्रिय मूलनीतिमा चल्दछ, सम्पूर्ण नागरिकले पूर्ण रोजगारका अवसर पाउदछन् । त्यसले देश आत्म निर्भर हुन्छ, सम्पन्न बन्दछ । फलतः द्वन्द्व र सबै खाले अशान्ति हट्दछन् । देशले द्रुततर विकास गर्दछ । सबैको सकारात्मक सोच हुन्छ । सबै जात सम्प्रदाय, पेशा, लिङ्ग र स्थान विशेषका मानिस मिलेर काम गर्दछन् । कुनै पनि भ्रष्ट्राचार हुँदैनन् । कुनै पनि आरक्षणको जरूरत पर्दैन । जनताको चेतनाको स्तर, देशको आर्थिक स्तर, जनताको संस्कार संस्कृतिको अवस्था, जनताको आस्थाको स्तरले कस्तो व्यवस्था चाहिन्छ भनेर थाहा पाउन सकिन्छ । त्यस ग्राफले जहाँ पुऱ्याउँदछ त्यस देशमा त्यही व्यवस्थासँग मिल्ने पद्धतिको निर्धारण गर्नु पर्दछ । श्रीकृष्ण, कौटिल्यका समाजवादहरू; कार्लमार्क्स, माओ र लेनिनवादहरू; अन्य पूँजिपति समाजवादहरू तथा निजीकरण, उदारीकरण, पृथ्वीकरण र पूँजिवादहरू कुनै पनि हुबहु सबै ठाँउमा सबै कालमा लागू हुन सक्दैनन् । अनि मुलुक दवाव कार्यविधिबाट प्रदर्शन कार्यविधितिर, निर्देशितबाट स्वनिर्णिततिर, उपकारी तानाशाहीबाट प्रजातान्त्रिकतातिर, सार्वजनिक अर्थनीतिबाट मिश्रित अर्थनीतितिर, मिश्रितबाट निजीतिर, निजीबाट पृथ्वीकरणतिर जान्छ । यी सबै नेपाली नेपाली मिलेर बनाएमात्र सफल हुन्छन्, विदेशीको निर्देशनमा होइन ।

राजनीतिक व्यवस्था र आर्थिक उन्नति : आज नेपाल आफ्ना प्राकृतिक श्रोतसाधनकोत कुरैछाडौं अरूले दिएको सहयोग पनि सदुपयोग गर्न नसक्ने अवस्थामा छैन । देशभर खुला दिशामुक्त नारा लगाई रहेको छ, - तर केन्द्रिय सचिवालयका पाईखानाहरू फोहोरी र दुर्गन्धित छन्, राजधानी शहरमै सार्वजनिक शौचालय छैनन् । उदाहरणकालागि चीनले बनाईदिएको ट्रलीबसको जगबाट प्रत्येक वर्ष दश प्रतिशतका दरले बिस्तार गरेको भए आजसम्म यसले धेरै पेट्रोलियम पदार्थको आयात घटाइसकेको हुने थियो । गाडी आयात घटेको हुने थियो । चीनले बनाइ दिएको बाँसबारी छालाजुत्ता कारखानालाई आधार मानेर सकारात्मक रूपमा काम गरेको भए आज नेपाली सेना, प्रहरी, सशस्त्र बलको लागि चाहिने जुत्ता बुट देखि छालाका सामानमा आत्मनिर्भरमात्र हैन सार्क मुलुक लगायत विदेशमा निर्यात गरिसकेको हुने थियो । कृषि औजार कारखानले ट्रयाक्टर, भृकुटी पेपर मिलले कागज, चिनीमिलहरूले चिनी आदि निर्यात गरेर धन आर्जन गरेका हुने थिए ।

रूस र चीन लगायतका साम्यवादी मुलुकको सहयोगमा निर्मित औद्योगिक प्रतिष्ठानहरूलाई जीवन्त राख्न सकेको भए आधारभूत औद्योगिक वस्तुमा मुलुक आत्मनिर्भर भै सक्ने थियो । त्यस्तै चीन र रूसको सहयोगमा निर्मित, सडक यातायत, बिजुली आदिलाई सही रूपमा अगाडि बढाएको भए देश माथिउठि सकेको हुने थियो ।

पश्चिमाले साम्यवादी मुलुकलाई शत्रुताको रूपमा हेर्छन्, भारतले चीन र पाकिस्थानलाई त्यसरीनै हेर्छ । पश्चिमाको चलखेलको आधारमा यी मुलुकको सहयोगमा बनेका प्रतिष्ठानहरू भत्काइए । त्यति मात्र होइन, त्यसलाई संरक्षण दिने हिन्दु अधिराज्यसमेतलाई भत्काइयो । बदलामा खुला अर्थनीति, पाश्चात्य राजनीति र अर्थनीति, ईशाइ शिक्षा र संस्कारलाई भित्र्याइयो । नेपालका दलहरू यिनको चलखेलबाट परिचालित छन् । अझै पनि चीनले गाई सहयोग दिएर कृषि उद्योगमा सघाउने प्रयत्न गरिरहेको छ । जनता सोध्छन् - चीनले सहयोग किन दिने र नेपालले किन लिने ? स्विजरलैण्डको सहयोगमा जिरी गाई फार्म संचालित थियो । त्यसको सकारात्मक प्रभाव जनतामा पार्न राजा वीरेन्द्रले दरबारभित्रै गाई पालेका थिए । आज दलको सरकारले यी गाईको उन्नति गरेन, केवल अवनति भयो । नेपालको यस्तो कमजोर व्यवस्थापनलाई हेर्दाहेर्दै चीनले अझै किन सघाउँछ ? नेपालले चीनसित राजा महेन्द्र र वीरेन्द्रले गरेको नीतिप्रति किन नेपालले निरन्तरता दिदैन ? गुम्बामा आश्रृत विदेशी मङ्क कमाण्डो र फ्री तिब्बत गति रोक्ने नेपालको आन्तरिक मामिला हो । त्यसलाई अमेरिकी र भारतीय निर्देशन किन मानि रहन्छ नेपाल ? यो जनताको प्रश्न हो । त्यसै बीच भारतका रामदेवले आफै पाल्ने गरी नेपालमा ल्याउन लागिएका गाइलाई पनि नेपालले ल्याउने व्यवस्थसमेत गर्न सकेन ।

यो जे कुरा याहा उललेख गरिएका छन्, ती अरू कसैले पनि नपत्याउने कुरा जस्ता छन्, विश्वका त छोडौ. नेपालीले पनि पत्याउँदैनन्, तर ती सत्य हुन् ।

भारतले १९४७मा राजनीतिक स्वतन्त्रता मात्र पाएको हो, आज पनि भारत स्वतन्त्र छैन । ऐन नियम, आर्थिक प्रणाली, धर्म संस्कार, खानपान, रहनसहन, औषधि उपचार पद्धति सबै अँग्रेजको कायमडटछ । कर्मचारीको दरबन्दी कटौती, निजिकरण, उदारअर्थनीति, प्रशासनिक हस्तक्षेपका कुरा अँग्रेजका जस्तै छन् । आफु स्वतन्त्र भएपछि छिमेकमा पनि प्रजातन्त्रलाई संस्थागत गर्न ˝घाउनुको सट्टा अँग्रजले जस्तो उपनिवेश बनाउने कला लागू गरेको छ छिमेकमा । नेपाललाई अरबौं रकम अनुदान पनि दिएकाछन् तर देशमा सही प्रजातान्त्रिक अभ्यास हुनुको बदला दाता मुलुकको निर्देशनमा दलीय तानाशाही, निर्वाचन बिहिनता, कानूनी राज्यको उपहास हुँदै गएको छ ।

वाद कि व्यक्ति : राजनीति पद्धति भनेको देशलाई सुखमय, शान्तिमय र समुन्नत बनाउने मार्ग हो । त्यसमा योग्यतमबाट निष्काम भावले नेतृत्व लिनुपर्छ । शक्ति पृथकीकरण वैदिक हो, मूलबाटो हो, संतुलनको सिद्धान्त हो । कानून गाउँ जोड्ने बाटा हुन् । नियम घर-घर जोड्ने गोरेटा हुन् । दलीय पद्धति पाश्चात्य हो, त्यसमा पनि राज्यका यी काम कस्ले छिटो, राम्रो, सस्तो र स्तरीय बनाउने भन्ने प्रतिस्पर्धाकालागि हुन्छ । प्रतिपक्ष र सत्तापक्ष गल्ती रोक्ने पुरक विषय हुन् । प्रतिपक्ष उपबाचक हो । तर आजकल यी मर्म असफल छन् । खराव कामकालागि सबै जुट्छन् र असल कामकालागि भाँजो हाल्दछन् । फलतः जनताका सुख शान्तिका बाटा अबरूद्ध हुन्छन् । सामाजिक अपराध मौलाउँछन् । दलले अपराधी संरक्षण गर्दछन् । अपराधलाई राजनीतिकरण र राजनीतिलाई अपराधीकरण गरिन्छ । वैदिक मान्यताले यो व्यवस्थालाई विस्थापन गर्दछ । दललाई हैन असल चरित्रको व्यक्तिलाई चयन गर्दछ ।

दलीय पद्धति गणितीय हुनुले अझ असफल भएको छ । यसले के पुष्टि गर्दछ भने सबै ठाउँमा एकै प्रकारको राजनीति पद्धति र शासन व्यवस्था सफल हुन सक्तैन । देश अनुसार मिलाउन सक्नु पर्दछ । जाम्बवानले हनुमानलाई उनको शक्तिलाई सम्झाए पछि उनी लंकामा छलाङमार्न सफल भए झैं वैदिक राजनीतिलाई शिक्षा पद्धतिवाट जागरूक गराएमात्र असल खराव जँचिन्छ ।

जोलीको आरोप सुनिरहे नेपालीले

नेपाली नोटमा चुच्चे नक्सा राखेकोमा केही दिन देखि नेपाली नेतासँग गुप्तगु गरिरहेका भारतीय जनता पार्टीका नेता बिजय जोलीले आपत्ति जनाएका छन् । नेपालले जानीजानी सीमा विवाद उत्पनन गरेको उनको आरोप छ । गत शनिवार राष्ट्रिय एकता अभियानले गरेको ***हिन्दु संस्कृति र नेपाल-भारत सम्बन्ध*** विषयक अन्तरक्रिया कार्यक्रममा जोलीले लिपुलेक जस्ता ठाउँलाई नोटमा, नक्सामा ल्याएको आरोप लगाए ।

जोलीले भनेका छन- मैले विश्वका ९४ देशको भ्रमण गरेको छु कुनै पनि देशको रूपैयाँमाथि कुनै छिमेकी देशको सीमा विवादको फोटो छापेको देखेको छैन । सीमालाई लिएर चीन र भारतको बिचमा पनि विवाद रहेको छ तर त्यो विवादित ठाउँलाई आफ्नो रूपैयाँमा कसैले छापेका छैनन्, तर नेपालले विवादित ठाउँलाई आफ्नो रूपैयाँमा छापेर बिबाद झिकिएको छ । जोलीले नेपाली नेताहरूमा सुझबुझसमेत नभएकोमा तिक्कता पोखे । नेपालमा नाकाबन्दी हुँदा नेपालको नेतृत्वले युएनमा उजुरी गऱ्यो, जुन नाकाबन्दी भारतले गरेकै थिएन । सांस्कृतिक एकता समेत बलियो राख्न नेपाल-भारतबिचको सम्बन्ध सशक्त हुनुपर्छ भन्ने उनको तर्क थियो । जोलीले नेपालमा भइरहेको धर्म परिवर्तनले आफूहरूलाई चिन्तित बनाएको बताए । नेपालले धर्म परिवर्तनको कार्यलाई रोक्नुपर्छ ।

यो सबै सुनेका नेपाली नेताहरूले कसैले जोलीको आरोपको खण्डन गर्न सकेनन् । लिपुलेक नेपालको हो समेत भन्न सकेनन् ।

रूसको ओरेश्निक क्षेप्यास्त्र

रूसले युक्रेनमा प्रहार गरेको 'ओरेश्निक' क्षेप्यास्त्रले विश्वसुरक्षालाई हल्लाइदिएको छ । २३ नोभेम्बरमा युक्रेनको डिनिप्रोमा यो अभेद्य क्षेप्यास्त्र रूसी राष्ट्रपति पुटिनले हान्न लगाएका थिए । पुटिनले प्रयोगका लागि तयारी अवस्थाका शक्तिशाली नयाँ क्षेप्यास्त्रहरूको भण्डार रहेको खुलासा पनि गरेका छन् । रूसले 'ओरेश्निक' क्षेप्यास्त्र निस्तेज पार्ने कुनै अर्को उपाय नभएको भनेको छ ।

रूसले यो क्षेप्यास्त्र प्रहार गरेपछि युक्रेनले अमेरिकी र ब्रिटिश क्षेप्यास्त्र प्रहार गरेको थियो । रूसले यो क्षेप्यास्त्र प्रहार गर्नु भनेको नेटो र यसका सदस्य राष्ट्रहरूलाई चेतावनी दिनु भएको विश्लेषकहरू बताउँछन् । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पुटिनको प्रहारलाई गम्भीर जवाफ दिन विश्व नेता गुहारे पनि कुनै नतिजा आएको छैन ।

पुर्ख्यौली घर चनखु, रामेछाप : शैसवकालको अविस्मरणीय सम्झना

डा. महेश सिंह चौहान
सल्लाहकार : चौहान सेवा समाज

म जब १३/१४ वर्ष हुदाँ बुबा सँगै तराईको हाट बजार जाने गर्द थिए । आउने जाने क्रममा बुबाले आफ्नो जन्मेको थलो चनखु गाउँमा भोगेको घटना र अनुभव, परिवार सदस्य सख्या र सम्बन्ध र गाउँ बारे छोटो जानकारी गराउने बानी थियो । जसले गर्दा मलाई बुबा सँग हिडन र गाउँको रमाइलो अनुभव र कथा सुन्न मन लाग्थियो । वहाँले मलाई हजुरबुबा,हजुरआमा, ठुलोबुबा, ठुलीआमा,काका काकी तेह्रदिने दाजु भाईका बारेमा जानकारी गराउने गर्नु हुन्थियो । त्यस बाहेक गाउँको भौगोलिक वर्णन, बाटोघाटोको समस्या, केटाकेटीको लागि स्वास्थ्य सेवाको कमी बारे कहिले काहिँ चर्चा गरिरहनु हुन्थ्यो । स्वास्थ्य सम्बन्धी चर्चाको सन्दर्भ पारी एक दिन बुबाले हजुरबुबा बाट उहाँलाई गाउँले उपचार गरेको कथा सुनाउँनु हुन्थीयौ । म (बुबा) एक दिन काम गर्दा चिप्लीएर लडेको बेला जिउको धेरै ठाउँमा वहाँलाई चोटपटक लाग्यो तर ढाडमा लागेको चोटले गर्दा उठ्न बस्न नसक्ने भएको थियो । विभिन्न किसीमको उपचार गर्दा गर्दै एक महिना वितिसक्दा पनि कुनै सुधार भएन र उठ्न बस्न सक्नु भएन । एक दिन बुबाले घरको पछाडीको बारीमा भएको ठुलो सानो र मसिनो ढुंगा, काठको मोटो मसिनो टुक्राहरू फाल्न लगाउँनु भयो र धेरै मात्रामा पानी हालि हिलाम्मे बनाए र हलो गोरूको मदत्तले जोत्न लगाइयो । त्यसपछि पटाह बाट बारीलाई सम्म पारियो । बुबाको निर्देशन अनुसार सबै काम भइसके पछि मलाई बोकेर ल्याइयो र सुत्न लगाएर पटाह समात्न लगाइयो र त्यसपछि गोरूलाई बिस्तारै बिस्तारै वारीमा दुई तिन चक्कर लगाउन लगाउनु भयो । यो कार्यक्रम बिहान बेलुका गरि एक महिना चल्यो । बिस्तारै बिस्तारै म उभिन र हिड्न थाले बुबा बाट वहाँको स्वास्थ्य समस्या र समाधान उपाय सुने पछि मलाई आर्श्चय र जादु जस्तो लागेको थियो ।यो घटना ११० वर्ष अगाडि १९७० साल वरिपरिको हो ।आजको दिनमा विवेचना गरि हेंदा फिजियोथेरापीको ट्रायक्सन विधिद्धारा लोकल उपलब्ध रिर्सोर्सबाट गरिएको आर्श्चयजनक उपचार विधि रहेछ ।बुबाले त्यो बेला दुर्घटना बाट उत्पन्न कष्टको कारणले गर्दा उँहाले अनुभव र शिक्षा प्राप्त गर्नु भयो कि यो मेरो मात्र समस्या होइन नेपालको गाउँ गाउँको स्वास्थ्य समस्या हो । तर्सथ मलाई डाक्टर बन्न प्रेरित गर्नुभयो । जसले गर्दा आज चिकित्सकको हैसियतले काम गरि रहेको छु । बुबाले चनखु गाउँको बारे जानकारी दिने क्रममा एक दिन भन्नु भयो । त्यो बेलाको चनखु गाउँ र रामेछाप जिल्लाको अन्य गाउँको आर्थिक अवस्था राम्रो थिएन ।पहिले जिल्ला भन्ने चलन थिएन २०१८ साल पछि राजा महेन्द्रको पालामा७५ जिल्ला र १२ अंञ्चल को व्यवस्था भएको थियो ।त्यो भन्दा अगाडी पुर्व१ काभ्रेपलाञ्चोक भन्ने चलन थियो २ नम्बर रामेछाप, ३ नम्बर ओखलढुंगा, ४ नम्बर तेह्रथुम । रामेछापमा प्राय जसो खाद्यन्न अभाव हुने गर्दथियो । यहाँको मुख्य उपजाउँ कोदो, मकै, काउने वा कागुनो ,सतिबेर , धान थोरैको ठाउँमा हुने गर्दथियो ।आर्थिक स्थिति कमजोर भएको कारणले गर्दा पहाडको गाउँबाट केहि मान्छेहरू जागिरको लागि धेरै जसो भारत, केहि काठमाण्डौ र मुगलानको बजार जाने चलन थियो । तर ९० सालको ठूलो भुइचालो पछि गाउँको आर्थिक अवस्था झन बिग्रीएर गयो । त्यो बेला गाउँलेहरू बढी संख्यामा इन्डियन सेनामा भर्ना हुन पुगे । त्यो बेला इन्डियामा अंग्रेजको शासन र दोस्रो विश्व यूद्धको बेला थियो । इन्डियामा अंग्रेज भगाओ आन्दोलन सुरू भइसकेको थियो । इन्डियन जनता सैनिकमा भर्ना कम हुन थाले र इन्डियामा सैनिक अभाव भएकाले अग्रेजहरूले गोर्खा रेजिमेन्टको गठन गर्ने व्यवस्था भयो। पहाडी गाउँमा भुइचालोले गर्दा खाद्यन्नको अभावले भोकमरी समस्या उत्पन्न हुन थाल्यो । गाउँका पुरूषहरू ज्यानको पर्वाह नगरी परिवारको ज्यान बचाउँन, गाउँ र देशको आर्थिक स्थिति सुधार ल्याउन इन्डियाको गोर्खा रेजिमेन्टमा भर्ना हुन थाले ।त्यस मध्य म पनि एउटा गोर्खा रेजिमेन्टको सैनिक हुँ । हामी मध्य थुप्रै सैनिकहरू युद्धमा ज्यान गुमाए र विश्व भरि वीर बहादुर नेपाली को गौरवमय इतिहास कोर्ने मौका मिल्यो । रिटायर्ड भएको सैनिकहरूले गाउँ फर्के पछि घर परिवार व्यबस्थापनमा र राणा शासन विरूद्ध भएको २००७ सालको क्रान्तिलाई सफल बनाउन खेलेको भुमिका सर्व विदितै छ । त्यस बेला देशको आर्थिक स्थिति जोगाउन नेपालको पहाडी जनताले खेलेको भुमिका धेरै महत्वपूर्ण थियो । यो कुराको इतिहास साक्षि छ तर त्यो कालखण्ड बारे कसैले चर्चा गर्न चाहादैनन् । अरू जस्तै म बिदामा घर आउँदा बुबालाई शारीरिक र आर्थिक सहयोग गर्ने बानी थियो । जसले गर्दा बुबाले जग्गाहरू जोडे र परिवारको आर्थिक अवस्थालाई झन बलियो गर्नु भयो । बुबाको मुखबाट पुखौलि गाउँ र घरको सम्पूर्ण वर्णन सुने पछि मलाई गाउँ जाने मन लाग्यो र बुबाले भन्नु हुन्थ्यो । अलि दिन पख यहाँको सबै कुरा मिलि सके पछि हिउँदमा जाउँला तर पढाई र घरको कामले गर्दा म गाउँ जान सकिएन । यही क्रमले समय वितीरहेको थियो । एक्कासी २०४५ सालमा ब्रेन हेमरेजको कारणले बुबाको स्वर्गबास भयो । मेरो जिन्दगीमा नयाँ मोड आयो । परिवारको उत्तरदायित्व, केटाकेटीको राम्रो शिक्षा, पेशाले गर्दा काठमाण्डौ आए र डा. इवामुरा हस्पिटल एण्ड रिर्सच सेन्टरमा २००६मा जनरल फिजीसियनको हैसियतले काम गर्न थाले । केहि वर्ष पछि २००८मा इवामुरा कलेज अफ हेल्थ साइन्स्को स्थापना भयो । जसमा समान्य चिकित्सा (ज्ब) को अर्डिनेटरको रूपमा काम गर्ने मौका पाए। केहि समय पछि काम गर्ने शिलसिलामा चौहान वन्धुहरू सगँ भेट भयो र सबै मिलेर चौहान सेवा समाज स्थापना र विकासको लागि सल्लाहकारको हैसियतले काम गर्ने अवसर पाए । २०६७ सालको कुरा हो । म आफ्नो अस्पतालको इएम् मा थिए एक जना मलाई भेट्न आउनु भयो । उँहाले आफ्नो नाम भोजराज चौहान, चनखु भन्नुभयो । केहिबेर कुरा भए पछि अर्को दिन भट्ने बाचा सगै छुटिएर आफ्नो काममा लागियो । भोजराज दाइ हाम्रो चनखु गाउँको दाजुभाइ पर्ने हुनुहुन्थ्यो । दोस्रो भेटमा कुराकानीको शिलसिलामा वहाँले भन्नुभयो चनखु गाउँमा स्वास्थ्य चौकी छ । सानो सानो रोग उपचार हुन्छ तर ठुलो रोग पहिचान र उपचार हुदैन । विशेषज्ञ डाक्टरहरू को निशुल्क स्वास्थ्य क्याम्प गाउँमा आवश्यक छ यस बिषयमा धेरै छलफल भए पछि हामी एउटा टुगोमा पुगे । केहि दिन पछि सम्पूर्ण व्यवस्था गरि निशुल्क स्वास्थ्य क्याम्प लगाउने निधो गरियो । निशुल्क क्याम्पमा डाक्टरको टिम, स्वास्थ्य सेवाका स्टाफ,गाडी,औषधी,बाटोमा आउँदा जादाँ खाना खाजाको व्यवस्था गर्ने मेरो जिम्मामा थियो ।गाउँमा सम्पूर्ण क्याम्पको स्टाफ बस्ने खाने प्रचार र अन्य व्यवस्थाको उहाँको थियो । क्याम्पमा रामकुमार चौहान, राजकुमार चौहान,राम बाबु चोहान,सबिन चौहानहरूले विशेष भुमिका खेल्नु भएको थियो । निशुल्क क्याम्प चनखु रामेछाप सफलतापुर्वक सम्पन्न गरियो ।

चनखु रामेछाप निशुल्क स्वास्थ्य शिविरको तस्विर-

दाइ कृष्ण चौहान र भाइ तिलक चौहानले क्याम्पलाई सफल पार्न ठुलो भुमिका खेल्नु भयो । त्यो दिन मेरो सपना साकार भएको दिन थियो । त्यस दिन दाजुभाइ, भाउँजु, भाइबुहारी, भतिजा भतिजीहरू सँग रमाइलो भेटघाट भयो ।यो मेरो लागि अविश्मणीय क्षण थियो । हाल गाउँमा एउटा स्कुल स्थापना भइ पूर्णत संचालनमा थियो । साथै गाउँमा एउटा हेल्थ पोष्ट पनि संचालनमा रहेको छ । जसले गाउँमा सामान्य रोगको उपचार सेवा उपलब्ध थियो । स्कुलमा निशुल्क क्याम्प चलाउने व्यवस्था मिलाइएको थियो । निशुल्क स्वास्थ्य जाँच र औषधी वितरण निशुल्क गरिएको थियो । हाम्रो क्याम्प बाट दिनभरिमा ६०० देखि ६५० जाना बिरामी लाई निशुल्क उपचार सेवा र औषधी वितरण गरियो । हाम्रो गाउँको रण धोज चौहानको नाति पनि डाक्टर पो रहेछ उनि पनि आएको छन । राति सुते पछि बुबाको अनुहार सम्झेर मेरो आँखा भरि आँसुले भरियो । बुबा आमाको सपना केहि हदसम्म पूरा भए जस्तो महसुस भयो ।क्याम्प सके पछि गाउँका चौहान वन्धु र अन्य समाजको व्यक्तिहरू सगँ भेटघाट भयो । हामीहरू बीच परिचय र बिचारको आदान प्रदान भयो । उहाँहरू बाट पाएको जानकारी अनुसार चनखु गाउँमा बीस देखि पचिस घर चौहानहरूको बसोवास रहेको जानकारी पाइयो । पुर्खोली गाउँको माया बाहिर बसे पछि थाहा भयो । प्रध्यापक डा. उत्तमकृष्ण कर्माचार्यले भन्नु हुन्थो वहाँले आदरणीय धनश्याम राजकर्णिकारको पुस्तक यात्रा अमेरिकाको माया नेपालको विषय कथा सुनाउनु हुन्थ्यो र अनुभव बताउनु हुन्थ्यो । जन्म भूमिका माया ममता अनौठो हुनेरहेछ । नेपालको माया विदेशमा बसे पछि थाहा हुनेरहेछ ।

अन्तिम पातो - शाश्वत शर्मा

षडयन्त्रकारी हुन् प्रसाई मार्काहरू

जनता फेरि झुक्यानमा परे । मंसिर ७ मा व्यवस्था नै बदलिन्छ भन्ने दुर्गा प्रसाई समूहले गरेको आन्दोलन हात्ती आयो हात्ती आयो फुस्सा हुनपुगेको छ । झुक्यानमा पर्नु नेपालीको नियति नै हो । केशर विष्टहरूले यस्तै आन्दोलन गर्नेछन् र नेपाली फेरि पनि झुक्यानमा पर्नेछन् । जसरी गतसाल बल्बुमा आन्दोलनको आगो बलेको थियो, भोलिपल्ट सेलायो, त्यसैगरी यसपल्ट मंसिर ७ लाई पुषे ठण्डीले भेटेको देखियो । जम्माजम्मी हजारको भीडले कोटेश्वरमा नारा लगायो, दुर्गा प्रसाईको मंसिर ७ सकियो । दुर्गा प्रसाई जेलमा छन्, त्यसैले आन्दोलन कमजोर भएको भनियो । हजुरबा ओली र नाती दुर्गाको मिलिभगत हो भन्नेहरूको पनि जमातै देखिन्छ । यो तरिकाले हिन्दु, राजतन्त्रवादी, लघुवित्त सहकारी पीडितलाई यो तरिकाले रछ्यानमा पुऱ्याइएको छ । प्रसाईको जालझेल बुझेर नै पोहर राजा झापा गएका थिए, यसपटक लुम्बिनी । कतिपय प्रसाईसँग जोडिएकाहरू अलग हुनथालेका छन् । प्रसाईले अब अस्पताल चलाएर बसे हुन्छ । अब पालो केशर विष्ट र राप्रपाको देखिदैछ ।

विष्ट जुर्मुराउँछन् र थकाइ मार्छन् । अलि अगाडि वीर गोर्खाली, शिवसेनाहरूले देशका विभिन्न स्थानमा जुलुस निकाले । ती पनि सेलाएको अवस्था छ । दुर्गा प्रसाईका समर्थकहरू यो पद्धति नै फाल्ने जग हालिसकेको धक्कु लगाउँछन् । त्यो भनाइ कथित कम्बोडिया काण्डले लछारपाटो लगाउन नसकेको देखियो । राजदरबारको ढोकैमा उभिएर प्रम ओली गर्जिए- ३२ अर्ब लगानी प्रमाणित गरिदिए थपेर दिन्छु । प्रधानमन्त्रीले सरकार ढल्दैन, भ्रष्टाचार गरेको छैन, भ्रष्टाचार सह्य छैन भन्दै हिड्नु परेको छ । यो कस्तो लोकतन्त्र हो, जसले राम्रो काम गरेको एउटा पनि उदाहरण देखाउन सक्दैन । यही मेसोमा पूर्व पत्रकार रमा सिंह पनि मैदानमा उत्रिएकी छिन् । जनतासँग यो व्यवस्था फाल्न साथ दिनुहोस् भनेर आह्वान गर्दैछिन् । यिनै तिनै प्रसाईबाट उछिट्टिएकी नेतृ हुन् । यस्ता राजावादीहरूकै कारण नेपालमा राजतन्त्रको पुन:स्थापन झन टाढा टाढा हुनथालेको विश्लेषण हुँदैछ । अब प्रसाईले अर्को मंसिर ७ को पासा फाल्नेछन् । राजावादीहरूको कुयाकलाप हेर्दा लाग्छ, राजतन्त्रलाई अलोकप्रिय बनाउने तत्व यिनै हुन् । राजावादीहरूसँग दम छैन, यिनले राजतन्त्र ल्याउन सक्दैनन् भन्ने राजतन्त्रवादीहरूको हावादारी आन्दोलनले देखाउँदै गएको छ । यसले गर्दा राष्ट्रवादी नेपालीलाई निराश तुल्याएको छ । यत्रो राष्ट्रघात, भ्रष्टाचारहरूका काण्ड भएका छन्, आमनागरिक छटपटीमा छन्, कसले परिवर्तनका लागि आफ्ना अपेक्षा पूरा गरिदिन्छन् भनेर बसेका छन्, तर आमनागरिक जोकर हेर्न बाध्य छन् ।

नेपालीले परिवर्तन खोज्ने हो भने यस्तो नेतृत्वबाट सम्भव छैन । आफै उठेर विद्रोह गर्नुको विकल्प छैन । श्रीलंका र बंगलादेशको उदाहरण दिनेमात्र होइन कि त्यस्तै जनविद्रोहको स्वरूप यहाँ पनि लागू गर्नुपर्‍यो । जनताको थाप्लोमो ८२ हजारको ऋणको भारी बोकाएर आफ्ना सन्तानको भविष्य उज्यालो पार्ने भ्रष्ट नेतृत्वलाई फाल्न जनता नै जागरूक हुनुपर्छ । जनताले अब कसैको भर पर्नु व्यर्थ छ ।

एकथरि भन्छन् सहकारी पीडितको आन्दोलनले यो व्यवस्था फालिनेछ । अर्काथरि भन्छन् द्वन्द्वपीडितहरूले सक्छन् । यो व्यवस्था पहिचानवादीहरूको आन्दोलनले फेरिन्छ । कतिपयले रास्वपातिर आँखा लगाइरहेका छन् । प्रष्ट हौं, यिनीहरू कसैले केही गर्दैनन् । त्यति भयानक ललिता निवास जग्गा प्रकरण, भुटानी शरणार्थी काण्ड, वाइडबडी भ्रष्टाचार, नागरिकता विधेयकलगायतका प्रकरणले त यी नेतृत्वलाई छुन सकेन, कसैमाथि कुनै कारवाही नै हुनसकेन भने यस्ता चानचुने आन्दोलनले यिनलाई के गर्नसक्छ र ? यी लुटेरा व्यवस्थाका लागि एक हुने यी भ्रष्टहरूलाई किनारा लगाउन सक्ने ताकत जनतासँगमात्र छ । जनविद्रोहले मात्र यिनलाई दण्डित गर्नसक्छ ।

जनविद्रोहमा कुनै चिनिएका नेता हुँदैनन् । संगठित अवस्था पनि रहँदैन । यो त बाढी हो, हुरी हो, सुनामी हो । त्यो सुनामीको नाम जनविद्रोह हुनेछ । जनविद्रोहमा परिवर्तनको भोक हुन्छ, कुनै कोही पदको लालसामा हुँदैनन् । देशप्रेम हुन्छ, आफ्ना सन्ततीका लागि सुरक्षित भविष्यको चिन्ता हुन्छ । त्यस्तो विद्रोह भयो र सफल भयो भने त्यसपछि कसरी अगाडि बढ्ने ? भन्ने सवाल पछि आउला । जनताका सामु रहेको चुनौती भनेकै यी भ्रष्ट र भ्रष्ट व्यवस्था फाल्ने कसरी ? त्यो मुख्य कुरा हो । त्यस्तो विद्रोहका लागि विष्ट, प्रसाई, लिङ्देनको मुख ताकेर हुन्न, जनता आफै अग्रसर हुनुपर्छ, आफैले नेतृत्व लिनुपर्छ । जनताले एकपल्ट घरघरबाट निस्केर विद्रोह गरे भने यो व्यवस्था ढल्ने र यी नेताहरूको भागम्भाग हुने पक्का छ ।

आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडाजस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिक नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहरदोहर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं,
- आगो, हिटर वा बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रधानमन्त्रीको एलन मस्कसँग वार्ता

एलन मस्क राष्ट्रपति चुनाव विजयी ट्रम्पका विशेष सहयोगी हुन् । उनले मन खोलेर खर्च गरे, ट्रम्पलाई विजयी बनाए । विजयी ट्रम्पले आफ्ना विशेष सहयोगीका रूपमा एलन मस्कलाई चुनेका छन्, सरकारमा पनि महत्वपूर्ण पद दिने घोषणा गरिसकेका छन् । हालै रिपोर्ट आयो, संसारकै धनी व्यक्ति हुन एलन मस्क सफल भए ।

यसअघि नै एलन मस्कले एक टिम पठाएर नेपालमा स्टार लिंकको सेवा दिन चाहेको र सतप्रतिशत लगानी गर्न खोजेको प्रस्ताव गरेका थिए । नेपालको कानुन बदल्न समेत सरकार तैयार भएको छ । अब एनको स्टार लिंक नेपालमा प्रवेश गर्ने पक्का छ ।

एलन मस्क ती व्यक्ति हुन, जसले प्रविधिको दुनियाँमा हलचल नै ल्याएका छन् । उनको महत्वकांक्षा भनेको अन्तरिक्षमा मानव बस्ती बसाल्ने हो । उनी यही काममा लागेका छन् । उनको कम्पनीले अन्तरिक्षमा अड्केकी भारतीय यात्रीलाई समेत आफ्नो यानबाट पृथ्वीमा फर्काउने छन् ।

नेपालमा अन्तरिक्षबाट फास्ट र फ्रि इन्टरनेटको स्थापनापछि नेपालमा विकासले ठूलो फड्को मार्नेछ । यसका लागि नेपालले लगानीको वातावरण, प्रशासनिक झमेलाको अन्त्य, दिनुपर्ने सेवा र सुविधामा स्तरोन्नति, भ्रष्टाचारको वातावरणको अन्त्य आदि छन् । नानीदेखि लागेको बानी भनेझैं ७६१ सरकार नै भ्रष्टाचारमा चुर्लुम्मै डुबेका कारण र अन्य राजनीतिक समस्याले गर्दा नेपाल दण्डहीन मुलुकमा दरिइसकेको छ । यो अवस्थाको सुधार नेपालको पहिलो चुनौति हो ।

नेपाल सरकारले नेपालमा एलन मस्कको स्टारलिङ्क इन्टरनेट सेवाका लागि बाटो खोल्ने तयारी गरेको छ । हालैको घोषणामा राष्ट्रपति रामचन्द्र पौडलले दुर्गम र चुनौतिपूर्ण इलाकाहरूमा स्याटेलाइट प्रविधिमा आधारित इन्टरनेट सेवा सुरू गर्ने योजनाको खुलासा गरेका छन् । यो एलन मस्कलाई भित्र्याउने संकेत हो ।

आगामी आर्थिक वर्षमा आफ्नै उपग्रह प्रणाली स्थापना गर्ने र सूचना प्रविधिको पूर्वाधार अभिवृद्धि गर्ने सरकारी योजनाका उपायहरू समावेश छन् । थप रूपमा, डाटा सेन्टरहरू, राष्ट्रिय ज्ञान पार्कहरू, र साइबर सुरक्षा प्रोटोकलहरूका लागि मापदण्डहरू एजेन्डामा छन् । सार्वजनिक एजेन्सीहरूले बलियो र सुरक्षित सूचना प्रणाली सुनिश्चित गर्दै हार्डवेयर, सफ्टवेयर र सञ्जाल सुरक्षाको प्राविधिक परीक्षण गर्नेछन् । यसबाहेक, ब्रोडब्यान्ड इन्टरनेट विस्तार गर्ने प्रयासहरू हाइलाइट गरिएको छ, जसले राष्ट्रव्यापी इन्टरनेट पहुँचलाई गति दिने लक्ष्य राखेको छ ।

K P Sharma Oli @kpsharmaoli
Currently talking to Elon Musk
@elonmusk

प्रधानमन्त्री केपी ओलीले भावी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष सहयोगी र ट्रम्प सरकारमा शक्तिशाली पद बहाली गर्ने भएका एलन मस्कसँग भर्चुअल वार्ता गरेका छन् । ओलीको यो वार्ता भनेको नेपालमा एलन मस्कको स्टार लिंक भित्र्याउने, अमेरिकी सहयोग बढाउने र विकासमा योगदान गर्ने नै हो ।

नेपालमा अमेरिकी अनुदानमा पूर्वाधार विकासका योजना कार्यान्वयनमा गएका छन् । यो बेलामा एलन मस्कका उद्यम नेपालमा प्रवेश गर्नु भनेको अर्थपूर्ण मात्र हुनेछैन, नेपालको कायापलटमा पनि योगदान दिनसक्छ । मुख्य सवाल भनेको नेपालको प्रशासन र राजनीतिक नेतृत्वको क्षमता हो । लगानी मैत्री वातावरण बनाउन सक्ने हो भने नेपालका लागि अर्को अवसर प्राप्त हुनेवाला देखिन्छ ।

यसका लागि शतप्रतिशत लगानीमा स्याटेलाइट इन्टपठाएका हुन् । उनले दिने इन्टरनेट फास्ट र फ्रि हुने प्रस्तावमा उल्लेख छ । एलन मस्कले दिएको यो प्रस्ताव कमिशनमुखीका लागि उपयुक्त नभए पनि राष्ट्रिय दृष्टिकोणले स्वागतयोग्य नै छ । तर कमिशन एजेण्डहरूले मस्कलाई रोक्न प्रयास त गर्लान् तर विश्वशक्ति बनिसकेको अमेरिकी सरकारका प्रतिनिधिको योजनालाई रोक्न सक्लान् र ? प्रम ओलीले मस्कसँग वार्ता गरेपछि राजनीतिक र कूटनीतिक वृत्त तर्इङ्गि भएको छ ।

Elon Musk अमेरिकी राष्ट्रपति चुनावदेखि चुनावी नतिजा र त्यसपछि समेत प्रभावकारी व्यक्ति मानिन्छन् । इलन मस्क cofounded six companies, including electric car maker Tesla, rocket producer SpaceX and tunneling startup Boring Company. Elon Reeve Musk FRS is a businessman and investor known for his key roles in the space company SpaceX. उनी ५३ वर्षका साउथ अफ्रिकामा जन्मेका हुन् । वर्तमान कालखण्डमा अमेरिकी शक्ति र प्रविधिको दुनियाँका बादशाह नै बनेका छन् भन्दा हुन्छ ।

मस्कको स्टारलिंकले नेपालमा इन्टरनेटका लागि पटक पटक सम्पर्क गरेको छ । दूरसञ्चार नियामक संस्थामा प्रस्ताव गएको छ । नेपाललाई फास्ट र फ्रि इन्टरनेट सेवा दिन्छु भनेर नेपाल पसेको स्टारलिङ्को प्रस्ताव छिटै मन्त्रिपरिषदमा जाने र सरकारले निर्णय गर्ने सम्भावना रहेको छ । पूर्व प्रधानमन्त्री प्रचण्डले भित्र्याउन लागेको यो कम्पनीलाई ओली सरकारले भित्र्याउने तैयारी गरिसकेको छ । सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका वरिष्ठ अधिकारी ठाडो प्रस्ताव लगेर क्याबिनेटबाट पास हुने बताउँछन् ।

स्टार लिङ्क साँढे २ अर्ब डलर सम्पत्ति भएको विश्वकै धनी व्यक्ति मस्कको कम्पनी हो । नेपालमा स्टार लिंक भित्र्याउन अमेरिकी दूतावासका वरिष्ठ अधिकारीले नै समन्वय गरिरहेका छन् । प्रत्यक्ष स्याटेलाइट जडानमार्फत भरपर्दो, किफायती र उच्च-प्रविधि इन्टरनेट सेवा प्रदान गर्न सक्ने नेपालमा स्टारलिङ्को सञ्चालनमा बाधा पुऱ्याउने रेड टेपमाथि दूतावासले बारम्बार चिन्ता व्यक्त गर्दै आएको छ । यो कम्पनी भित्र्याउन कानुनमा समेत संशोधन हुनसक्नेछ । अहिलेसम्म ८० प्रतिशतमात्र विदेशी लगानी गर्न पाइन्छ । तर यो कम्पनी सबै लगानी आफै गर्न चाहिरेको छ । नेपाल टेलिकमका अधिकारी भन्छन्- उनीहरू नेपाल आउन इच्छुक थिए र हामी नेपालमा स्याटेलाइटमा आधारित इन्टरनेट सेवा प्रदान गर्ने प्रस्तावलाई स्वीकार गर्दैछौं । हामीलाई स्टारलिङ्ले प्रदान गर्ने आधुनिक र बलियो, भरपर्दो प्रकारको इन्टरनेटको जरूरत छ । नियमितताका लागि हाइब्रिड इन्टरनेट जडान हाम्रो कठिन भौगोलिक भूभागका लागि उपयुक्त छैन । यो कम्पनीले हाल महाद्वीपका चार दर्जन भन्दा बढी देशहरूमा इन्टरनेट सेवा दिइरहेको छ । अब नेपाल पस्ने सुरसारमा योजना अगाडि बढाइरहेछ ।

स्टारलिङ्को उन्नत प्रविधिलाई नेपाल भित्र्याउन जरूरी छ, राज्यका अधिकारी भन्न थालिसकेका छन् । उत्तर र दक्षिण भने यो प्रविधि नेपालमा भित्रियो भने उनीहरूको सुरक्षामा समेत असर गर्नसक्छ । हुनसक्छ ओलीको चीन भ्रमणका समयमा यो विषयको उठान पनि हुनसक्छ । - *न्यूज डेस्क*